# प्रभाव दैनिक

National Daily

वर्ष १२ | अंक ३२८ | काठमाडौं | शनिबार, १४ चैत २०८२ | Prabhab National Daily | Saturday, 28 March 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


# युवाको नेतृत्वमा देश

## प्रधानमन्त्रीदेखि अधिकांश मन्त्रीहरू युवा, मन्त्रिपरिषद्मा समावेशी प्रतिनिधित्व

- ३६ वर्षका बालेन्द्र शाह बने हालसम्मकै युवा प्रधानमन्त्री
- प्रधानमन्त्री शाहको नेतृत्वमा १५ सदस्यीय मन्त्रिपरिषद् गठन
- अर्थमन्त्री डा. स्वर्णिम वाग्लेबाहेक सबै मन्त्री ५० वर्षभन्दा कम उमेरका
- शाहको मन्त्रिपरिषद्मा ३३ प्रतिशत महिला र पहिलोपटक बादी समुदायको प्रतिनिधित्व
- प्रधानमन्त्रीको शपथग्रहण समारोहमा एमाले अध्यक्ष केपी शर्मा ओली अनुउपस्थित

■ प्रभाव संवाददाता

**काठमाडौं–** नवनियुक्त प्रधानमन्त्री बालेन्द्र शाह (बालेन)ले पदभार सम्हालेका छन्। राष्ट्रिय स्वतन्त्र पार्टीका संसदीय दलका नेता शाह शुक्रबार प्रधानमन्त्री पदमा नियुक्त भएका हुन्। शुक्रबार नै उनले पद तथा गोपनीयताको शपथ लिए र प्रधानमन्त्री कार्यालय पुगेर पदभार सम्हाले।

राष्ट्रिय स्वतन्त्र पार्टीका संसदीय दलका नेता शाहलाई राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको संविधानको धारा ७६ को उपधारा (१) बमोजिम प्रधानमन्त्री नियुक्त गरेका हुन्। प्रधानमन्त्रीमा नियुक्त भएसँगै शाहले विशेष समारोहबीच राष्ट्रपति कार्यालय शीतलनिवासमा शुक्रबार दिउँसो १२:३४ बजे राष्ट्रपति पौडेलबाट पद तथा गोपनीयताको शपथ लिए।

प्रधानमन्त्रीको शपथ पहिलोपटक वैदिक-सनातन परम्परा झल्किने गरी गरिएको थियो। समारोहमा सात वटा शंखबाट शंखनादसँगै १०८ जना बटुकले स्वस्ती-शान्ति वाचन र १०८ बौद्ध भिक्षु लामाले अष्ठ-मंगल पाठ गरेका थिए।

प्रधानमन्त्री शाहको नेतृत्वमा १५ सदस्यीय मन्त्रिपरिषद् गठन भएको छ। डा. स्वर्णिम वाग्ले अर्थमन्त्री र सुधन गुरूङ गृहमन्त्री बनेका छन्। त्यसैगरी परराष्ट्रमन्त्री शिशिर खनाल, भौतिक पूर्वाधार तथा यातायात एवं सहरी विकासमन्त्री सुनिल लम्साल, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठ नियुक्त भएका छन्। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेल, शिक्षा, विज्ञान तथा प्रविधि एवं खेलकुदमन्त्री सस्मित पोखरेल नियुक्त भएका छन्। मन्त्री पोखरेलले सरकारको प्रवक्ताको जिम्मेवारीसमेत पाएका छन्।

स्वास्थ्य तथा जनसंख्या एवं खानेपानीमन्त्रीमा निशा मेहता, सञ्चार तथा सूचना प्रविधिमन्त्रीमा डा. विक्रम तिमिल्सिना, सामान्य प्रशासन तथा भूमि व्यवस्था तथा गरिबी निवारणमन्त्री प्रतिभा रावल, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतम बने। कृषि तथा पशुपक्षी एवं वन तथा वातावरणमन्त्री गीता चौधरी, श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री दीपक साह र महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री सीता बादी बनेका छन्। नवनियुक्त मन्त्रीहरूले शुक्रबार नै राष्ट्रपति पौडेलबाट पद तथा गोपनीयताको शपथ लिएका छन्।

रक्षा र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको जिम्मेवारी भने हाल प्रधानमन्त्री शाहले आफैं सम्हालेका छन्।

क्रमशः पृष्ठ २ मा



वालेन्द्र शाह, प्रधानमन्त्री



डा. स्वर्णिम वाग्ले, अर्थमन्त्री



सुधन गुरूङ, गृहमन्त्री



शिशिर खनाल, परराष्ट्रमन्त्री



सुनील लम्साल, भौतिक पूर्वाधार तथा यातायातमन्त्री



विराजभक्त श्रेष्ठ, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री



खडकराज पौडेल, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री



सस्मित पोखरेल, शिक्षा, विज्ञान तथा प्रविधि एवं खेलकुदमन्त्री



निशा मेहता, स्वास्थ्य तथा जनसंख्या एवं खानेपानीमन्त्री



डा. विक्रम तिमिल्सिना, सञ्चार तथा सूचना प्रविधिमन्त्री



प्रतिभा रावल, सामान्य प्रशासन तथा भूमि व्यवस्था तथा गरिबी निवारणमन्त्री



सोविता गौतम, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री



गीता चौधरी, कृषि तथा पशुपक्षी एवं वन तथा वातावरणमन्त्री



दीपक साह, श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री



सीता बादी, महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री

### मन्त्रिपरिषद्को पहिलो निर्णय

## कार्की आयोगको प्रतिवेदन कार्यन्वयन गर्ने

**काठमाडौं (प्रस)–** नवगठित सरकारको पहिलो मन्त्रिपरिषद् बैठकले गत भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा भएको घटनाको छानबिन गर्न गठित उच्चस्तरीय जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय गरेको छ। पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको आयोगको प्रतिवेदनले कारबाहीका लागि सिफारिस गरेकामध्ये सुरक्षा निकायका हकमा अर्को अध्ययन समिति गठन गर्ने र अन्यको हकमा तत्काल कार्यान्वयन गर्ने निर्णय भएको सरकारका प्रवक्तासमेत रहेका शिक्षामन्त्री सस्मित पोखरेलले बताए।

फागुन २४ गते कार्की आयोगले बुझाएको प्रतिवेदनमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, तत्कालीन गृहमन्त्री रमेश लेखक, तत्कालीन प्रहरी महानिरीक्षक चन्द्रकुवेर खापुङलगायतलाई कारबाही गर्न सिफारिस गरेको थियो। तत्कालीन प्रधानमन्त्री सुशीला कार्कीलाई बुझाइएको उक्त प्रतिवेदन संघीय संसद् सचिवालयको पुस्तकालयमा अभिलेख राखी सार्वजनिक गर्ने निर्णय गरिएको थियो।

क्रमशः पृष्ठ २ मा

## को हुन् नयाँ प्रधानमन्त्री र मन्त्रीहरू

### बालेन्द्र शाह, प्रधानमन्त्री

नवनियुक्त प्रधानमन्त्री बालेन्द्र शाह गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा झापा क्षेत्र नं ५ बाट एमाले अध्यक्ष केपी शर्मा ओलीलाई पराजित गर्दै निर्वाचित भएका थिए। उनी आयुर्वेदिक चिकित्सक डा. रामनारायण शाह र ध्रुवादेवी शाहका छोरा हुन्। २०४७ वैशाख १४ गते काठमाडौंको नरदेवीमा जन्मिएका उनको पुर्ख्यौली घर महोत्तरीको एकडारा हो।

'र्‍याप आर्टिस्ट'का रूपमासमेत ख्याती कमाएका शाहले भारतबाट एम टेक (संरचनागत इञ्जिनियरिङ) र पूर्वाञ्चल विश्वविद्यालयबाट सिभिल इञ्जिनियरिङमा स्नातक गरेका छन्। वि.सं. २०७९ को स्थानीय तह निर्वाचनमा शाह काठमाडौं महानगरपालिकाको प्रमुखमा निर्वाचित भएका थिए। उनले प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवारी दिन गत माघ ४ गते महानगर प्रमुख पदबाट राजीनामा दिएका थिए। त्यसपछि उनी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)मा वरिष्ठ नेताको रूपमा आबद्ध भए। रास्वपाबाट झापा-५ को उम्मेदवार बनेका उनी पूर्वप्रधानमन्त्री ओलीलाई ठूलो मतान्तरले पराजित गर्दै प्रतिनिधिसभा सदस्य निर्वाचित भए। रास्वपाले उनलाई २१ फागुनको चुनावमा प्रधानमन्त्रीको रूपमा अगाडि सारेको थियो। त्यहीअनुरूप बिहीबार उनलाई संसदीय दलको नेता बनाएर प्रधानमन्त्री बन्न मार्गप्रशस्त गरिदिएको थियो।

दुई दर्जनभन्दा बढी र्‍याप कम्पोज गरेका शाहका सिर्जना भ्रष्टाचारको विरोध तथा सुशासनको अपेक्षा, युवा तथा सामाजिक मुद्दामा बढी केन्द्रित छन्। उनका गीतमा बेरोजगारी, असमानता, राजनीतिक विकृतिका साथै राज्य प्रणालीमाथि प्रश्न गरिएको हुन्छ। संविधानसभाको दोस्रो निर्वाचनपछि नै शाहले 'म नेपाल हाँसेको हेर्न चाहन्छु' गीत सार्वजनिक गरेका थिए। शाह निर्वाचित मन्त्रिपरिषद्मा सबैभन्दा कान्छा प्रधानमन्त्रीसमेत बनेका छन्।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## नवनियुक्त श्रममन्त्री साहले सम्हाले कार्यभार

### दक्ष जनशक्ति उत्पादन गर्ने निर्णय

■ प्रभाव संवाददाता

**काठमाडौं–** नवनियुक्त श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री दीपककुमार साहले आफ्नो कार्यभार सम्हालेका छन्। राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता वालेन्द्र शाहको नेतृत्वमा शुक्रबार गठित मन्त्रिपरिषद्मा उनी श्रममन्त्री नियुक्त भएका हुन्।

शीतलनिवासमा आयोजित समारोहमा राष्ट्रपति रामचन्द्र पौडेलबाट पद तथा गोपनीयताको शपथ लिएसँगै मन्त्री साहले सिंहदरबारस्थित मन्त्रालयमा पुगेर कार्यभार सम्हालेका छन्। साहले पदभार ग्रहण गरेलगत्तै दक्ष जनशक्ति उत्पादन गर्ने निर्णय गरेका छन्।

सिंहदरबारस्थित मन्त्रालयमा शुक्रबार मन्त्रालयका सचिव डा. दीपक काफ्लेले मन्त्रालयले प्रस्ताव गरेको 'नेसनल एकेडेमी अफ भोकेसनल ट्रेनिङ'को एक महिनाको रणनीतिक योजना बनाउनेगरी प्रस्ताव गरिएको निर्णयमा मन्त्री साहले हस्ताक्षर गरेका हुन्। निर्णयमा हस्ताक्षरपछि मन्त्री साहले रोजगारीमा सबैभन्दा ठूलो समस्या भनेको दक्ष जनशक्तिको अभाव रहेको बताए। खासगरी खाडी मुलुकमा रोजगारका लागि जाने नेपालीको अवस्था अझै नाजुक रहेको बताउँदै देशमा दक्ष जनशक्ति उत्पादन गर्ने उनको प्रतिबद्धता रहेको छ।

'रोजगारीमा सबैभन्दा ठूलो दक्ष सीपको समस्या छ,' उनले भने, 'हाम्रो जनशक्तिलाई स्किलफुल बनाउनुपर्छ। विदेशमात्रै होइन, स्वदेशमा बस्ने जनशक्तिलाई पनि दक्ष बनाएर रोजगार यही सिर्जना गर्नुपर्छ।'

जनतालाई दिएको 'म्याण्डेड' यही रहेको बताउँदै मन्त्री साहले शिक्षासँगै सीप सिकाउनु अहिलेको जनशक्तिको माग र आवश्यकता रहेको उनको धारणा थियो। यसका लागि मन्त्रालयले गरेको पाँच वर्षे योजनालाई सफल पार्ने प्रतिबद्धतासमेत मन्त्री साहले दिए। मन्त्रालयका सचिव काफ्लेले पाँच वर्षभित्र प्राप्त गरेको सीप र रोजगारसँगको ऐक्यबद्धतालाई सुनिश्चित गरेर जानका लागि सरकारले काम गर्ने उद्देश्य रहेको बताए।



### मन्त्री साहको संक्षिप्त चिनारी

प्रतिनिधिसभा निर्वाचनमा महोत्तरी-२ बाट निर्वाचित राष्ट्रिय स्वतन्त्र पार्टीका नेता साहले पूर्वश्रममन्त्री शरतसिंह भण्डारीलाई पराजित गरेका थिए। उनी ३२ हजार ७२२ मत प्राप्त गरी विजयी हुँदा भण्डारीले १० हजार १९८ मतमात्र पाएका थिए। पेसागत हकहित र सामाजिक सेवामा सक्रिय रहँदै आएका साह दृष्टि विशेषज्ञ हुन्। स्वास्थ्य क्षेत्रमा लामो अनुभव सँगालेका उनी नेपाल दृष्टि विशेषज्ञ संघको अध्यक्षसमेत हुन्।

मन्त्री साहले विश्व स्वास्थ्य संगठन तथा युके हेल्थ सेक्युरिटी एजेन्सीजस्ता विश्वस्तरीय संस्थामा नीति निर्माण र स्वास्थ्य प्रणाली सुधारमा अनुभव बटुलेका छन्। उनीसँग स्वास्थ्य र विकास क्षेत्रमा अन्तर्राष्ट्रियस्तरको अनुभव छ। उनले विश्व स्वास्थ्य संगठन र एफएचआई ३६० जस्ता ख्यातिप्राप्त संस्थामा काम गरिसकेका छन्।

क्रमशः पृष्ठ २ मा

## बादी समुदायबाट पहिलो मन्त्री बनिन् सीता

- सीता बादी महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नियुक्त
- समाजको जातीय बहिष्करणमा संघर्ष गर्दागर्दै मन्त्री बन्ने अवसर पाउँदा इतिहासमै रूपान्तरण आएको महसुस गरेको भनाइ
- बृहत्तररूपमा महिला सीमान्तकृत समुदायको समस्या समाधान गर्न काम गर्ने प्रतिबद्धता

■ प्रभाव संवाददाता

**काठमाडौं–** शुक्रबार नयाँ मन्त्रिपरिषद् गठन हुँदा बादी समुदायले पहिलो मन्त्री पाएको छ। राष्ट्रिय स्वतन्त्रता पार्टी (रास्वपा) की सांसद सीता बादी महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नियुक्त भएकी हुन्।

पद तथा गोपनीयताको शपथ लिएसँगै शुक्रबार नै उनले आफ्नो पदभार सम्हालेकी छन्। उनी नेपालको बादी समुदायकी पहिलो मन्त्री बनेकी छन्। पदभार ग्रहण गरेसँगै उनी भावुक भइन्।



आँखाबाट आँसु पुछ्दै उनले भनिन्, 'सोचेको थिइनँ, यहाँ आइपुग्छु भनेर।' उनले समाजको जातीय बहिष्करणमा संघर्ष गर्दागर्दै मन्त्री बन्ने अवसर पाउँदा इतिहासमै रूपान्तरण आएको महसुस गरेको बताइन्। उनले भनिन्, 'अब जिम्मेवारपूर्ण भएर समाज रूपान्तरणका सक्रिय हुने छु।'

महिला सशक्तीकरणमा सामाजिक संस्थामार्फत सेवा गर्दै आएकी नवनियुक्त मन्त्री बादी कर्णाली प्रदेशको सुर्खेतस्थित वीरेन्द्रनगर नगरपालिका-१४ स्थायी घर भई हाल काठमाडौंको बूढानीलकण्ठ-८ मा बसोबास गर्दै आएकी छन्। गरिबी र समाजको विभेदका कारण जीवनका पाइलै पिच्छे पहिचानका लागि संघर्ष गर्दै आएकी उनी रास्वपामा आबद्ध भएकी हुन्।

समानुपातिकबाट सांसद भएकी उनले १३ वर्षको उमेरदेखि संस्थाको आर्थिक सहयोगमा पढाइ पूरा गरिन्। स्नातकसम्मको शिक्षा हासिल गरेलगत्तै उनले समाजमा विभेद अन्त्य गर्न र महिला सशक्तीकरणमा सहयोग पुग्ने सामाजिक संस्था सञ्चालन गर्दै आएकी थिइन्। अब भने मन्त्रालयको नेतृत्व सम्हाल्दै बृहत्तररूपमा महिला सीमान्तकृत समुदायको समस्या समाधान गर्न काम गर्ने बताइन्।

मन्त्री बादीले बादी समुदायका महिलाको स्थिति झनै नाजुक रहेको बताइन्। संस्थामार्फत सिलाइकटाइ प्रशिक्षण दिएर महिलालाई आर्थिक स्वावलम्बी बनाउने काम गर्दै आएको उनले जानकारी दिइन्। 'महिलाहरूको स्थिति नाजुक छ, त्यसमा पनि दलित र बादी समुदायको त झनै पीडादायी छ,' उनले भनिन्, 'स्थिति सुधार गर्ने खालको परिणाममुखी काम गर्छु।' सीताका अनुसार राजनीतिको यात्रा सजिलो छैन। तर, यो अवसरलाई उनले भरपुर सकारात्मक कार्यमा लगानी गर्ने बताइन्।

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

## युवाको नेतृत्वमा...

भर्खर ३६ वर्ष उमेर पुगेका प्रधानमन्त्री शाहको मन्त्रिपरिषद्मा युवाहरूको वर्चश्व भएको छ । महिला ३३ प्रतिशत पुगेको छ भने मन्त्रिपरिषद् समावेशी बनेको छ ।

मन्त्रिपरिषद्मा अर्थमन्त्री वाग्लेमात्र ५१ वर्षका हुन् । अरु मन्त्रीहरू सबै ५० वर्ष मुनिका छन् । गृहमन्त्री गुरूङ ३८ वर्ष पुगेका छन् । त्यसैगरी परराष्ट्रमन्त्री खनाल ४७ वर्ष, भौतिक पूर्वाधारमन्त्री लम्साल ३५ वर्ष, ऊर्जामन्त्री श्रेष्ठ ४४ वर्ष पुगेका छन् । संस्कृतिमन्त्री पौडेल ४६ वर्ष, शिक्षामन्त्री पोखरेल २९ वर्ष, स्वास्थ्य तथा जनसंख्यामन्त्री मेहता ३८ वर्ष, सञ्चारमन्त्री तिमिल्सिना ४३ वर्ष, सामान्य प्रशासनमन्त्री रावल ३२ वर्ष, कानुनमन्त्री गौतम ३० वर्ष पुगेका छन् । कृषिमन्त्री चौधरी ३० वर्ष, श्रममन्त्री साह ३४ वर्ष र महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री बादी ३० वर्षका हुन् ।

यसअघि पाका व्यक्तिहरूमात्र मन्त्रिपरिषद्मा देखिँदै आएकोमा यो पटक त्यो तोडिएको छ । युवा बाहुल्य मन्त्रिपरिषद्मा बादी समुदायबाटसमेत प्रतिनिधित्व भएको छ । बादी समुदायबाट सीता पहिलो मन्त्री बनेकी हुन् ।

### शपथग्रहणमा ओली अनुपस्थित

प्रधानमन्त्रीको शपथग्रहण समारोहमा पूर्वप्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली उपस्थित भएनन् । पूर्वप्रधानमन्त्रीहरू पुष्पकमल दाहाल, डा. बाबुराम भट्टराई, माधव नेपाल, झलनाथ खनाल, मन्त्रिपरिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मी उपस्थित हुँदा शेरबहादुर देउवा पनि उपस्थित थिएनन् । देउवा अहिले उपचारका लागि भन्दै हङकङमा छन् ।

देउवा र ओलीले सामाजिक सञ्जालबाट प्रधानमन्त्री शाहलाई शुभकामना दिएका छन् । शपथ ग्रहण समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री सुशीला कार्की, प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहाल, निवर्तमान प्रधानमन्त्री सुशीला कार्की उपस्थित थिए । त्यसैगरी पूर्वराष्ट्रपति डा. रामवरण यादव उपस्थित हुँदा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी भने शपथग्रहण कार्यक्रममा उपस्थित भएनन् ।

■■■

## कार्की आयोगको...

ओली र लेखकलाई पक्राउ गर्न नवनियुक्त गृहमन्त्री सुधन गुरुङले प्रहरी महानिरीक्षक दानबहादुर कार्कीसँग छलफल गरेको बताइएको छ । छलफलगत्तै प्रतिवेदन कार्यान्वयनका लागि आवश्यक प्रशासनिक तथा कानुनी प्रक्रिया सुरु गरिएको बताइएको छ ।

प्रतिवेदनमा मुलुकी अपराध संहिता, २०७४ को दफा १८१ अनुसार अनुसन्धान गर्नुपर्ने उल्लेख गरिएको छ । उक्त दफामा लापरवाहीपूर्ण कामका कारण कसैको ज्यान जान नहुने व्यवस्था गरिएको छ । यस्तो कसुर प्रमाणित भएमा तीनदेखि १० वर्षसम्म कैद र ३० हजारदेखि एक लाख रूपैयाँसम्म जरिवानाको सजाय हुन सक्ने कानुनी प्रावधान छ । आयोगको प्रतिवदेनमा ओली र लेखक भदौ २३ गते भएको जेन-जी प्रदर्शनका क्रममा १९ जना युवाको हत्यामा दोषी देखाइएको छ ।

मन्त्रिपरिषद्को पहिलो बैठकले सहिदहरूप्रति श्रद्धाञ्जलि अर्पण, १०० शासकीय सुधारका योजना स्वीकृत तथा सरकारको प्रवक्ताको जिम्मेवारी शिक्षामन्त्री पोखरेलले दिने निर्णयसमेत गरेको छ ।

■■■

## को हुन् नयाँ...

### डा. स्वर्णिम वाग्ले, अर्थमन्त्री

अर्थमन्त्री वाग्लेले लण्डन स्कुल अफ इकोनोमिक्सबाट अर्थशास्त्रमा स्नातक गरेका छन् । रास्वपा उपसभापति वाग्ले गोरखाको बुंकोटमा जन्मिएका हुन् । वि.सं. २०४२ को प्रवेशिका परीक्षामा बूढानीलकण्ठ स्कुलबाट देशभरबाट दोस्रो बनेका उनले लण्डन स्कुल अफ इकोनोमिक्सबाट अर्थशास्त्रमा स्नातक, हार्वर्ड विश्वविद्यालयबाट अन्तर्राष्ट्रिय विकासमा स्नातकोत्तर र अस्ट्रेलियन नेसनल युनिभर्सिटीबाट अर्थशास्त्रमा विद्यावारिधि (पिएचडी) गरेका छन् । अमेरिकाको वासिङ्टन डिसीस्थित विश्व बैंकमा वरिष्ठ अर्थशास्त्री र न्युयोर्कस्थित संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको मुख्यालयमा एसिया र प्रशान्त क्षेत्रका लागि प्रमुख आर्थिक सल्लाहकारका रूपमा काम गरिसकेका उनले राष्ट्रिय योजना आयोगको सदस्य र सन् २०१७ देखि २०१८ सम्म उपाध्यक्षको जिम्मेवारीसमेत सम्हालेका थिए ।

नेपाली कांग्रेसमा वैचारिक र नीतिगत तहमा रहेर भूमिका निर्वाह गरेका डा. वाग्ले २०७९ चैतमा उक्त पार्टी परित्याग गरी रास्वपामा प्रवेश गरेका थिए । फागुन २१ को प्रतिनिधिसभा निर्वाचनमा उनी तनहुँ क्षेत्र नं १ बाट निर्वाचित भएका हुन् ।

### सुधन गुरूङ, गृहमन्त्री

गोरखा क्षेत्र नम्बर १ बाट निर्वाचित गुरुङ जेन-जी अगुवा हुन् । ३८ वर्षीय गुरुङ गोरखाको चुमनुब्री गाउँपालिका-३ सिर्दिवासस्थित पाङसिङ गाउँका हुन् । गुरुङले 'हामी नेपाल' नामक संस्था स्थापना गरेर सामाजिक क्षेत्रमा योगदान पुऱ्याउँदै आएका थिए । विशेषगरी २०७२ सालको भुइँचालोले देश कष्टकर अवस्थाबाट गुज्रिरहेको बेला उनी डटेर राहत तथा उद्धारको क्षेत्रमा लागेका थिए । गुरुङ जेन-जी आन्दोलनपछि एकाएक चर्चामा आएका पात्र हुन् । उनको समूहले भदौ २३ गतेको आन्दोलनमा सहभागी भएकालाई पानी वितरण गरेका थिए । साथै, उनले ब्यानरहरू बनाउने र घाइतेको उपचारका लागि एम्बुलेन्स आदिको व्यवस्था पनि गरेको बताएका छन् ।

### शिशिर खनाल, परराष्ट्रमन्त्री

'टिच फर नेपाल' अभियानका खनाल २०७९ माघ ३ गते पुष्पकमल दाहाल प्रधानमन्त्री हुँदा पहिलोपटक शिक्षामन्त्री बनेका थिए । नागरिकता मुद्दामा रास्वपाका सभापति तथा तत्कालीन उपप्रधानमन्त्री रवि लामिछानेको पद गुमेपछि उत्पन्न राजनीतिक परिस्थितिका कारण माघ २२ गते रास्वपासमेत सरकारबाट बाहिरिएको थियो । सोही कारण कार्यभार सम्हालेको १९ दिनमै खनाल पदमुक्त भएका थिए ।

रास्वपाको केन्द्रीय सचिवालय सदस्य तथा अन्तर्राष्ट्रिय विभाग प्रमुख खनाललाई परराष्ट्र मन्त्रालयको जिम्मेवारी दिइएको हो । खनालले अमेरिकाको प्रतिष्ठित 'युनिभर्सिटी अफ विस्कन्सिन-म्याडिसन' बाट सार्वजनिक नीतिमा स्नातकोत्तर गरेका छन् भने बज्रपोर्ट विश्वविद्यालयबाट अन्तर्राष्ट्रिय राजनीतिक अर्थशास्त्रमा स्नातक गरेका छन् ।

### सुनील लम्साल, भौतिक पूर्वाधार तथा यातायात एवं सहरी विकासमन्त्री

रूपन्देही क्षेत्र नं १ बाट निर्वाचित लम्साल पेसाले इञ्जिनियर हुन् । २०४७ असोज १८ गते स्याङ्जा जिल्लाको कालीगण्डकी गाउँपालिका बिर्घामा जन्मिएका लम्सालको विद्यालय तहको अध्ययन रूपन्देहीको भलबारीमा पूरा भएको हो । लम्सालले उच्च शिक्षा पनि स्थानीय लुम्बिनी इञ्जिनियरिङ कलेजबाट गरे । विद्यार्थीकालमा एमालेनिकट विद्यार्थी संगठनबाट राजनीतिमा संलग्न रहेका लम्साल अनेरास्ववियुकोतर्फबाट सोही क्याम्पसको स्ववियु सभापतिसमेत निर्वाचित भएका थिए । प्राविधिक दक्षता, राष्ट्रिय गौरवका पूर्वाधार आयोजनामा काम गरेको अनुभव, सहरी विकास र वातावरण व्यवस्थापनसम्बन्धी अध्ययन अनुसन्धानमा उनको विशेष दख्खल छ ।

प्राविधिक अध्ययन, राष्ट्रिय परियोजनामा काम गरेको अनुभव, सहरी विकास र वातावरण व्यवस्थापनमा पनि उनको विशेष अनुभव छ । मन्त्री लम्सालले सिभिल इञ्जिनियरिङ विषयमा स्नातक र संरचनात्मक इञ्जिनियरिङमा स्नातकोत्तर गरेका छन् । उनी काठमाडौं विश्वविद्यालयमा 'ठोस फोहोर व्यवस्थापन' विषयमा विद्यावारिधि गर्दै छन् । वि.सं. २०७९ को स्थानीय निर्वाचनपछि मन्त्री लम्सालले काठमाडौं महानगरपालिकामा प्रमुख बालेन्द्र शाहको पूर्वाधार सल्लाहकारका रूपमा काम गरेका थिए ।

### विराजभक्त श्रेष्ठ, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री

नवनियुक्त ऊर्जामन्त्री विराजभक्त श्रेष्ठ काठमाडौं क्षेत्र नम्बर ८ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य हुन् । २०७४ सालमा विवेकशील साझा पार्टीबाट बागमती प्रदेशसभा सदस्य भएका विराज २०७९ सालमा प्रतिनिधिसभामा चुनिएका थिए । उनी रास्वपा सरकारमा सहभागी भएका बेला युवा तथा खेलकुदमन्त्री भएका थिए । श्रेष्ठले वाणिज्य तथा व्यापार प्रशासनमा स्नातकसम्म अध्ययन गरेका छन् । श्रेष्ठ उज्ज्वल थापा नेतृत्वको विवेकशील राजनीतिबाट आएका हुन् ।

### खडकराज पौडेल, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री

नवनियुक्त पर्यटनमन्त्री पौडेल लेखक, साहित्यकार र अभियन्ता हुन् । उनी गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा कास्की-१ बाट निर्वाचित भएका थिए । साहित्यिक वृत्तमा गनेस पौडेल नामले परिचित उनले यसअघि पोखरामा बसेर साहित्य लेखन, पठन संस्कृतिको प्रवर्द्धनसँगै सामाजिक मुद्दामा पैरवी गर्ने व्यक्तिको छवि बनाएका थिए ।

वि.सं. २०७४ मा उनको पहिलो उपन्यास 'पैताला' प्रकाशित भएको थियो । वि.सं. २०३६ मा पोखरा महानगरपालिका-१४ मझेरीपाटनमा जन्मेका पौडेलले पोखरा विश्वविद्यालयबाट एमबिए र त्रिभुवन विश्वविद्यालयबाट अंग्रेजी साहित्यमा स्नातक गरेका छन् । शिक्षण पेसासमेत गरेका पौडेल वि.सं. २०७९ को स्थानीय तह निर्वाचनमा पोखरा महानगरपालिकाको मेयर पदमा उम्मेदवारी दिएका थिए । त्यसबेला 'लौरो' चिह्न लिएर चुनाव लडेका उनी पाँच हजार १२८ मत प्राप्त गर्दै पराजित भए । पौडेलले दलीय एकाधिकार, भ्रष्टाचार र बेथितिविरुद्ध 'अटेरी अभियान' सञ्चालन गरेका थिए ।

### सस्मित पोखरेल, शिक्षा, विज्ञान तथा प्रविधि एवं खेलकुदमन्त्री

२०५२ फागुन १ मा काठमाडौं-५ मा जन्मेका सस्मितले गत फागुन २१ गतेको निर्वाचनमा कांग्रेस महामन्त्री प्रदीप पौडेललाई पराजित गरेका हुन् । कानुनमा काठमाडौं विश्वविद्यालयबाट स्नातक गरेका सस्मितले प्लस टुसम्मको अध्ययन भने अमेरिकामा पूरा गरेका थिए । उनी अहिले त्रिभुवन विश्वविद्यालयमा स्नातकोत्तर गर्दै छन् । सस्मितले संसद्मा इन्टर्नको रूपमासमेत काम गरेका छन् । विवेकशील साझाबाट सुरु भएको उनको राजनीतिक यात्रा २०७४ सालको चुनावमा उज्ज्वल थापाको चुनावी क्याम्पियनमा सक्रिय थिए ।

### निशा मेहता, स्वास्थ्य तथा जनसंख्या एवं खानेपानीमन्त्री

मेहता नर्स हुन् । सुनसरी इनरुवाकी मेहता रास्वपाको समानुपातिक सूचीबाट सांसद बनेकी हुन् । स्थापनाकालबाटै रास्वपामा आबद्ध भएकी उनी अघिल्लोपटक पनि समानुपातिक सूचीमा परेकी थिइन् । २२ साउन २०४४ मा इनरुवामा जन्मिएकी मेहताले भारतको ग्वालियरस्थिति विश्वविद्यालयबाट नर्सिङमा स्नातकोत्तर गरेकी छन् । पढाइ सकेर फर्किएपछि उनले विराटनगरस्थित विराट टिचिङ हस्पिटलमा काम गरिन् । उनी प्रहरीपत्नी पनि हुन् । निशाका श्रीमान् डा. सरोजसिंह कोशी प्रदेश प्रहरी अस्पतालका प्रमुख र प्रहरी नायव उपरीक्षक हुन् ।

### डा. विक्रम तिमिल्सिना, सञ्चार तथा सूचना प्रविधिमन्त्री

अनुसन्धान विशेषज्ञ एवं विश्लेषक तिमल्सिना राष्ट्रिय स्वतन्त्र पार्टीकातर्फबाट प्रतिनिधिसभा सदस्यमा नुवाकोट क्षेत्र नं १ बाट निर्वाचित सांसद हुन् । रास्वपाका केन्द्रीय परराष्ट्र विभागका उपप्रमुख डा. तिमल्सिनाले अस्ट्रेलियाको ग्रिफिथ विश्वविद्यालयबाट राजनीति र अन्तर्राष्ट्रिय मामिलामा विद्यावारिधि उपाधि प्राप्त गरेका छन् । त्रिभुवन विश्वविद्यालयको आन्तरिक सुरक्षा, राजनीति र कूटनीतिमा अध्यापन गर्दै आएका डा. तिमल्सिना अनुसन्धान विशेषज्ञ एवं विश्लेषक हुन् । साहित्य, लेखन र पत्रकारिता क्षेत्रमा पनि आबद्ध उनी 'भ्रष्टाचारविरुद्धको लडाइँः एन्टी करप्सन स्टडिज'का विज्ञ मानिन्छन् । उनी 'एसियन इस्टिच्युट फर एड्भान्स रिसर्च'का संस्थापक पनि हुन् ।

### प्रतिभा रावल, सामान्य प्रशासन तथा भूमि व्यवस्था तथा गरिबी निवारणमन्त्री

नवनियुक्त मन्त्री रावलले यसअघि ग्यालेक्सी टेलिभिजनमा कार्यक्रम निर्माताका रूपमा काम गरेकी थिइन् । उक्त टेलिभिजनमा रवि लामिछानेको समूहमा काम गरेकी उनी रास्वपा स्थापनाकालदेखि राजनीतिमा आबद्ध छिन् । कञ्चनपुरको भीमदत्त नगरपालिका-६ ऐठपुरमा जन्मिएकी रावलले स्नातक तहसम्म अध्ययन गरेकी छन् । एक दशकभन्दा बढी समय पत्रकारिताको अनुभव बटुलेकी रावलले लामिछानेको निजी सचिवालयमासमेत जिम्मेवारी सम्हालेकी थिइन् ।

### सोविता गौतम, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री

२१ फागुनमा सम्पन्न चुनावमा चितवन क्षेत्र नम्बर ३ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित गौतम कानुनमन्त्री नियुक्त भएकी छन् । उनी अघिल्लो निर्वाचनमा काठमाडौं-२ बाट विजयी भएकी थिइन् । कानुनकी विद्यार्थी उनी अधिवक्ता हुन् । भरतपुर महानगरपालिकाकी पूर्वमेयर रेनु दाहाललाई पराजित गरेकी सोबिता २०५२ सालको असारमा जन्मेकी हुन् । उनले संसद नीति नियम बनाउने थलो भएको हुँदा आफ्नो शिक्षा र अनुभव यो पदका लागि उपयुक्त हुने भन्दै मतदातासामु गएकी थिइन् । उनले चार वर्षभन्दा बढी नेपाल टेलिभिजनका लागि 'स्वास्थ्य सरोकार' टेलिभिजन कार्यक्रम सञ्चालन गरेकी थिइन् ।

### गीता चौधरी, कृषि तथा पशुपक्षी एवं वन तथा वातावरणमन्त्री

कञ्चनपुरकी ३३ वर्षीय चौधरी साधारण थारू परिवारमा जन्मिएकी हुन् । उनले कानुन संकायमा स्नातकोत्तर गरेकी छन् । पछिल्लो समय उनको छवि कानुनवेत्ताका रूपमा थियो । विशेषगरी आर्थिक रूपमा कमजोर रहेकाले व्यहोरिरहेका जग्गा विवाद र घरेलु हिंसाका मुद्दामा उनले कानुनी सहायता प्रदान गरेकी छिन् । राजनीतिक रूपमा उनी २०६२-०६३ को आन्दोलपछि जोडिएकी हुन् । तत्कालीन समयमा उनी नेकपा एमालेमा आबद्ध थिइन् । अनेरास्ववियुबाट उनको राजनीतिक यात्रा आरम्भ भएको हो । २०७९ सालको स्थानीय तह निर्वाचनमा उनले एमाले त्याग गर्दै तत्कालीन नागरिक उन्मुक्ति पार्टीबाट प्रदेशसभा सदस्यमा उम्मेदवार बनेकी थिइन् । उनी त्यतिबेला पराजित बनेकी थिइन् ।

### दीपक साह, श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री

नवनियुक्त मन्त्री साह महोत्तरी-२ बाट निर्वाचित भएका हुन् । उनले लण्डन स्कूल अफ हाइजिन एण्ड ट्रपिकल मेडिसिनमा 'पिएचडी स्कलर', लण्डन स्कुल अफ इकोनोमिक्सबाट हेल्थ पोलिसी र प्लानिङ एण्ड फाइनान्सिङमा स्नातकोत्तर गरेका छन् । साहले इन्स्टिच्युट अफ मेडिसिनबाट पब्लिक हेल्थमा स्नातकोत्तर तथा अप्टोमेट्रीमा स्नातकोत्तरका साथै नेपाल ल क्याम्पसबाट एलएलबी गरेका छन् । उनले विश्व स्वास्थ्य संगठन तथा युके हेल्थ सेक्युरिटी एजेन्सीजस्ता विश्वस्तरीय संस्थामा नीतिनिर्माण र स्वास्थ्य प्रणाली सुधारमा अनुभव बटुलेका छन् । साह मैथिली कला, भाषा तथा साहित्यको राष्ट्रियस्तरमा प्रवर्द्धन गर्न पनि सक्रिय थिए ।

### सीता बादी महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री

बादी समुदायबाट पहिलो मन्त्री बनेर इतिहास रचेकी सीता संस्थामार्फत सिलाइकटाइ प्रशिक्षण दिएर महिलालाई आर्थिक स्वावलम्बी बनाउने काम गर्दै आएकी थिइन् । कर्णाली प्रदेशको सुर्खेतस्थित वीरेन्द्रनगर नगरपालिका-१४ की सीताले राजनीतिक यात्रामा रास्वपाबाट सुरु गरेकी हुन् । बादीले समाजसेवा (बिएसडब्लु) अध्ययन पूरा गरेकी छन् ।

■■■

## मन्त्री साहको...

नवनियुक्त मन्त्री साह लण्डन स्कुल अफ हाइजिन एण्ड ट्रपिकल मेडिसिनका पिएचडी स्कलर हुन् । उनले लण्डन स्कुल अफ इकोनोमिक्सबाट हेल्थ पोलिसी र प्लानिङ एण्ड फाइनान्सिङमा स्नातकोत्तर गरेका छन् । साथै, इन्स्टिच्युट अफ मेडिसिनबाट पब्लिक हेल्थमा स्नातकोत्तर तथा अप्टोमेट्रीमा स्नातकोत्तरका साथै नेपाल ल क्याम्पसबाट एलएलबीसमेत गरेका छन् । साह मैथिली कला, भाषा तथा साहित्यको राष्ट्रियस्तरमा प्रवर्द्धन गर्न पनि सक्रिय रहँदै आएका छन् ।

■■■

## बादी समुदायबाट...

समाजमा विद्यमान असमानता, विभेद र अपमानको जालो हटाएर समानतापूर्ण समाज निर्माण गर्नुपर्ने उनको धारणा छ । आधा आकाश ढाक्ने महिलाको परिस्थितिलाई अझै बलियो बनाउने र सीमान्तकृत समुदायका महिलाको विकासमा जोड दिने उनको योजना छ ।

बादी समुदाय, दलितभित्र पनि अत्यन्तै सीमान्तकृत, जहाँ गरिबीमात्रै होइन, नियति जस्तो बनाइयो, जहाँ अपमान सामान्य व्यवहारजस्तै स्वीकार गर्न बाध्य बनाइयो । 'बादी समुदायका खान र बस्नसमेत नपाएको अवस्था छ । बादी समुदायका छोरीहरूको अवस्था अन्धका रमय छ,' उनले भनिन् । आफ्नो बाल्यकाल आर्थिक अभाव र सामाजिक अपहेलनाले भरिएको बताउँदै उनले पढ्नका लागि कलम-कापी नपाउँदाको पीडा सम्झिइन् । उनले गरिबीकै कारण खान र बस्नसमेत चुनौती खेपेर बाल्यकाल हुर्किएको सुनाइन् ।

यद्यपि बादीले जीवनमा भोगेका थुप्रै संघर्षले आफ्नो जीवनलाई थप बलियो र परिपक्व बनाएको बताइन् । अभावकाबीच पनि पढ्ने रहर उनले कहिल्यै मारिनन् र एउटा संस्थाले उनलाई शिक्षामा सहयोग गऱ्यो । समाजसेवा (बिएसडब्लू) अध्ययन पूरा गरेकी बादीले शिक्षा नै चेतनाको मुख्य आधार रहेको बताइन् । पढ्न पाएपछि उनले जीवनलाई फरक ढंगले अगाडि बढाउन सक्ने भइन् । 'समाजमा आत्मसम्मानको लडाइँ निकै ठूलो हुँदोरहेछ,' उनले भनिन्, 'जुन अहिलेसम्म लडिरहेछु ।'



### वन पैदावार बोलपत्रद्वारा लिलाम विक्री सम्बन्धी सूचना

**दोस्रो पटक सूचना प्रकाशन मिति : २०८२/१२/१४**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८१/०८२ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल समेत विभिन्न जातको गोलिया थान ४२९ को ४९९७.७४ घनफिट काठ र साल जातको दाउरा १२.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना दोस्रो पटक प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सुचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**कटुसपानी सामुदायिक वन उपभोक्ता समूह**
**बागमती-५, मकवानपुर**



## आजको राशिफल



**ज्यो. गुरू अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

शनिबार, १४ चैत, २०८२

| | |
|---|---|
| **मेष** | मनमा उत्साह छाउनेछ । गुरु जनको आदर गर्नाले दिन शुभ रहनेछ । |
| **वृष** | मन बेचैन रहनेछ । शम्भु स्तुति गान गर्नाले लाभ मिल्नेछ । |
| **मिथुन** | कार्य सफल हुने योग रहेको छ । श्रीविष्णुको स्तुति गर्दा लाभ मिल्नेछ । |
| **कर्कट** | मन प्रफुल्ल रहने योग रहेको छ । माता दुर्गाभवानिको ध्यान गर्दा राम्रो हुन्छ । |
| **सिंह** | सोचेको काम सफल हुनेछन । हनुमान भगवानको स्तुति गरेमा लाभ मिल्नेछ । |
| **कन्या** | मित्रको साथ सहयोग पाउने योग रहेको छ । लक्ष्मी माताको स्तुति गरि दिनलाई सुन्दर बनाउन सकिनेछ । |
| **तुला** | प्रेम सम्बन्धमा मिठास बढ्ने योग रहेको छ । शिवजिको उपासनाबाट दिनको सुरुवात गर्नु शुभ हुन्छ । |
| **वृश्चिक** | अड्केका काम बन्नेछन । भैरवजीको स्मरण गरेमा कार्य सिद्धि हुनेछ । |
| **धनु** | यात्रामा लाभ मिल्न सक्छ । भगवान रामको स्मरणमा मन लगाउनुहोला । |
| **मकर** | आलस्य बढेर जानेछ । कार्तिकेय भगवानको स्तुति गरेमा लाभ मिल्नेछ । |
| **कुम्भ** | मन खिन्न रहला । सुवर्णमालाको जप गर्नुहोला । |
| **मीन** | अहंकार बढेर जानेछ । राम नाम जपले सुविचार छाउनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१४ चैत, २०८२ (२८ मार्च, २०२६)


| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५०.०७ | १५०.६७ |
| युरो | १ को | १७४.१७ | १७४.८७ |
| पाउन्ड स्टिर्लङ | १ को | २०१.३० | २०२.११ |
| स्विस फ्रैन्क | १ को | १९०.२३ | १९०.९९ |
| अस्ट्रेलियन डलर | १ को | १०४.६१ | १०५.०२ |
| क्यानाडियन डलर | १ को | १०८.८० | १०९.२४ |
| सिङगापुर डलर | १ को | ११७.३६ | ११७.८३ |
| जापानी येन | १० को | ९.४५ | ९.४८ |
| चिनियाँ युआन | १ को | २१.७६ | २१.८५ |
| साउदी अरब रियाल | १ को | ४०.०० | ४०.१६ |
| कतारी रियाल | १ को | ४१.१६ | ४१.३२ |
| थाई भाट | ख १ को | ४.६२ | ४.६४ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४०.८६ | ४१.०२ |
| मलेसियन रिङेट | १ को | ३७.८५ | ३८.०० |
| दक्षिण कोरियन वन | १०० को | १०.०२ | १०.०६ |
| स्विडिस क्रोनर | १ को | १६.१५ | १६.२२ |
| डेनिस क्रोनर | १ को | २३.३१ | २३.४० |
| हङकङ डलर | १ को | १९.२० | १९.२७ |
| कुवेती दिनार | १ को | ४८९.६२ | ४९१.५८ |
| बहराइन दिनार | १ को | ३९७.४८ | ३९९.०७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

## तस्बिरमा नवनियुक्त प्रधानमन्त्री वालेन्द्र शाहको शपथ











१) नवनियुक्त प्रधानमन्त्री वालेन्द्र शाह शुक्रबार राष्ट्रपति निवास शीतलनिवासमा आयोजित शपथ ग्रहण समारोहमा सहभागी हुने क्रममा ।
२) राष्ट्रपति रामचन्द्र पौडेलबाट पद तथा गोपनीयताको शपथ लिँदै नवनियुक्त प्रधानमन्त्री शाह ।
३) पद तथा गोपनीयताको शपथपछि हस्ताक्षर गर्दै प्रधानमन्त्री शाह ।
४) नवनियुक्त प्रधानमन्त्री शाहलाई बधाई दिँदै राष्ट्रपति रामचन्द्र पौडेल ।
५) नवनियुक्त प्रधानमन्त्री शाहलाई पद हस्तान्तरण गर्नेक्रममा बधाई दिँदै निवर्तमान प्रधानमन्त्री सुशीला कार्की ।
६) नवनियुक्त प्रधानमन्त्री शाह र निवर्तमान प्रधानमन्त्री कार्कीको सिट साटासाट गरिँदै ।
७) नवनियुक्त प्रधानमन्त्री शाहलाई बधाई ज्ञापन गर्दै राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने ।
८) नवनियुक्त प्रधानमन्त्री शाहले शपथ ग्रहण गर्नुअघि स्वस्ती मन्त्र वाचन गर्दै बटुकहरू ।
९) शपथ ग्रहणअघि अष्टमंगल पाठ गर्दै बौद्ध लामागुरुहरू ।

*तस्बिर: रासस/एएफपी*

# एसइईको तयारी पूरा

## जापानसहित देशभर एक हजार ९६६ परीक्षा केन्द्र निर्धारण, पाँच लाख १२ हजार ४२१ परीक्षार्थी सहभागी हुँदै

**भक्तपुर–** राष्ट्रिय परीक्षा बोर्डले यही चैत १९ गतेदेखि सुरु हुने माध्यमिक शिक्षा परीक्षा (एसइई) को तयारी पूरा भएको जनाएको छ। बोर्डले देशभरका सबै परीक्षा केन्द्रबाट बिहान ८:०० बजेदेखि एकै समयमा एसइई परीक्षा सुरु हुने जनाएको हो ।

चैत १९ गतेदेखि सुरु भई २९ गते सम्पन्न हुने एसइई परीक्षामा यस वर्ष पाँच लाख १२ हजार ४२१ जना विद्यार्थी सहभागी हुने कक्षा १० का परीक्षा नियन्त्रक टुकराज अधिकारीले जानकारी दिए । उनका अनुसार तीमध्ये नियमिततर्फ चार लाख ४१ हजार ५६६ जनाले र ग्रेड वृद्धितर्फ ७० हजार ८५५ जनाले परीक्षा दिने भएका छन् । परीक्षा दिनेमा छात्राको संख्या बढी छ। यस वर्ष दुई लाख ५७ हजार ६१३ छात्रा, दुई लाख ५४ हजार ८०१ छात्र र अन्य सात जना परीक्षामा सहभागी हुने उनले जानकारी दिए। उनका अनुसार जापानको एक परीक्षा केन्द्रबाट २३ जनाले परीक्षा दिँदै छन्।

### सबैभन्दा बढी विद्यार्थी बागमती, कम कर्णाली

यस वर्ष कोशीबाट ८२ हजार ४८७, मधेसबाट ९० हजार २४३, बागमतीबाट एक लाख नौ हजार ५१३, गण्डकीबाट ४३ हजार ९७२, लुम्बिनीबाट ९१ हजार ८०२, कर्णालीबाट ३९ हजार ७६९ र सुदूरपश्चिम प्रदेशबाट ५४ हजार ६३५ जना विद्यार्थी परीक्षामा सहभागी हुने छन् । बोर्डले परीक्षाका लागि देशभर एक हजार ९६६ परीक्षा केन्द्र निर्धारण गरेको छ भने देशभरका ११ हजार ३७९ विद्यालयका विद्यार्थी परीक्षामा सहभागी हुने जनाएको छ । परीक्षाको सम्पूर्ण तयारी पूरा भएको परीक्षा नियन्त्रक अधिकारीले जानकारी दिए ।

चैत १९ गते बिहान ८:०० बजेदेखि देशभर एकैसाथ सुरु हुने परीक्षाको पहिलो दिन अनिवार्य अंग्रेजी विषयको परीक्षा सञ्चालन हुने छ भने चैत २० गते अनिवार्य नेपाली, २२ गते अनिवार्य गणित, २३ गते विज्ञान तथा प्रविधि, २४ गते सामाजिक अध्ययन, २५ गते ऐच्छिक प्रथम खण्डका सबै विषय, २६ गते ऐच्छिक द्वितीय खण्डका सबै विषय र चैत २७, २८ र २९ गते प्राविधिक धारका बाँकी विषयहरूको परीक्षा सञ्चालन हुने परीक्षा नियन्त्रक अधिकारीले जानकारी दिए ।

### परीक्षा अनुगमनमा रोक

बोर्डले यस वर्ष एसइई परीक्षाको सामूहिक अनुगमनमा रोक लगाएको छ । परीक्षा केन्द्र अनुगमनका नाममा विभिन्न संघसंगठनका प्रतिनिधि हलमा प्रवेश गर्दा परीक्षा दिइरहेका परीक्षार्थीको लेखन कार्यमा अवरोध पुगेको गुनासो आएपछि बोर्डले सामूहिक अनुगमनमा रोक लगाएको परीक्षा नियन्त्रक अधिकारीले जानकारी दिए । अनुगमनका लागि प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठन गरिएको जिल्ला परीक्षा समन्वय समितिका आधिकारिक प्रतिनिधिबाट परीक्षा केन्द्रको बाहिरमात्र अनुगमन गर्ने बोर्डले निर्णय गरेको उनले बताए । पत्रकारले परीक्षा केन्द्रको बाहिरी दृश्यमात्र छायांकन गर्न वा तस्बिर लिन मिल्ने जानकारी दिँदै उनले परीक्षा हलमा केन्द्राध्यक्ष तथा त्यसदिन खटिएका प्रतिनिधिलेमात्र अनुगमन गर्नसक्ने व्यवस्था गरिएको उल्लेख गरे। *रासस*


### वन पैदावार बोलपत्रद्वारा लिलाम विक्री सम्बन्धी सूचना

*प्रथम पटक सूचना प्रकाशन मिति : २०८२/१२/१४*

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८२/०८३ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको तथा जिल्ला वन पैदावार आपूर्ति समितिबाट फिर्ता भएको साल र असना जातको गोलिया थान २११ को २३६५.५० घनफिट काठ र साल जातको दाउरा २.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**नमोःबुद्ध सामुदायिक वन उपभोक्ता समूह**
**बागमती–६, मकवानपुर**



### अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **Future Tech International Pvt. Ltd.** कम्पनीले CHINA बाट पैठारी गरेको देहायको मालबस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि.नं. | मालबस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक राष्ट्र | ईकाई | ईकाई प्रति मूल्य | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | AIR CONDITIONER | N/A | ULTRAMAX | FTAC-12INV/03 | 1 TR | CHINA | PCS | 50,000.00 | 63,500.00 | |
| 2 | AIR CONDITIONER | N/A | ULTRAMAX | FTAC-18INV/03 | 1.5 TR | CHINA | PCS | 58,500.00 | 73,800.00 | |

बिक्रेताको फर्मको नाम: **Future Tech International Pvt. Ltd.** स्थायी लेखा नं: **609884706**
ठेगाना: **Sundhara-11, Kathmandu, Nepal** फोन नं: **9841416792**



### अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **G.K. Group Pvt. Ltd.** कम्पनीले CHINA बाट पैठारी गरेको देहायको मालबस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि.नं. | मालबस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक राष्ट्र | ईकाई | ईकाई प्रति मूल्य | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | RANGEHOOD CHIMNEY | N/A | SMART | 25SM4A900 | N/A | CHINA | PCS | 10,900.00 | 15,100.00 | |
| 2 | RANGEHOOD CHIMNEY | N/A | SMART | 25SM4A600 | N/A | CHINA | PCS | 9,000.00 | 12,800.00 | |
| 3 | RANGEHOOD CHIMNEY | N/A | SMART | 25SM3A900 | N/A | CHINA | PCS | 9,500.00 | 13,400.00 | |
| 4 | RANGEHOOD CHIMNEY | N/A | SMART | 25SM3A750 | N/A | CHINA | PCS | 9,250.00 | 13,100.00 | |

बिक्रेताको फर्मको नाम: **G.K. Group Pvt. Ltd.** स्थायी लेखा नं: **601889022**
ठेगाना: **Pepsikola-32, Kathmandu, Nepal** फोन नं: **9801171012**



### तु-आवश्यकता

**यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।**

**1. Manager ( 1 Male)  2. PRO ( 2 Male and 1 Female)**

**योग्यता : Bachelor passed (for Manager) , अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, सम्बिन्धित क्षेत्रमा कम्तिमा ५ वर्ष अनुभवी**

★ **तलब: आपसी समझदारीमा**

★ **आवेदन तल दिइएको ठेगानामा पठाउन सकिनेछ ।**

श्रम ईजाजत नं. ०८५/०५३/०५४

INTERNATIONAL TRADE LINKS RECRUITMENT PVT. LTD.
(The Centre Overseas Pvt. Ltd.(THE CENTER OVERSEAS CONCERN PVT.LTD))
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806

## चुलोचौकोदेखि क्याम्पससम्म

# बदलिँदै शिशुवारीका छोरी-बुहारीको संसार

✍ सुदिप राउत/सप्तरी

सप्तरीको सुरुंगा नगरपालिका-१ की सुमित्रा राउत ९ कक्षा पढ्दै गर्दा विवाह भयो। थप पढ्ने रहर त थियो, तर विवाहपछि उनको जीवनको लय मोडियो । राउतले करिब १० वर्षसम्म चुलोचौको, खेतीपाती र पारिवारिक जिम्मेवारीमै बित्यो ।

योबीचमा जिम्मेवारीले पढ्ने रहर ओझेलमा पर्‍यो, तर त्यो रहर अन्त्य भइसकेको थिएन । उनले फेरि अध्ययन सुरु गरिन् र २०६७ सालमा एसएलसी उत्तीर्ण गरिन् । राउतको औपचारिक अध्ययनको यात्रा त्यत्तिमा रोकिएन, घर नजिकै शिशुवारी क्याम्पस खुलेपछि उनले 'प्लस टू' मात्र होइन, गत वर्ष स्नातक (बिएड) समेत उत्तीर्ण गरेकी छन् ।

'योबीचमा मैले विभिन्न गैरसरकारी संघसंस्थामा काम गरेँ, यस क्रममा औपचारिक शिक्षाको महत्त्व बुझेँ । पढाइमा तल्लो तहमा हुँदा धेरै अवसरबाट वञ्चित भएको महसुस हुन्थ्यो । बाहिर गएर पढ्ने सम्भावना थिएन, तर घर नजिकै क्याम्पस खुलेपछि पढ्न सहज भयो,' राउतले खुसी व्यक्त गर्दै अगाडि भनिन्, 'अब यही स्नातकोत्तर पनि सञ्चालन भएमा पढाइलाई अझ अगाडि बढाउने चाहना छ । चाँडै त्यो सपना गर्ने अपेक्षामा छु ।' यस्तै, कथा डिकुरा पोखरेलको पनि छ । १५ वर्षअघि उदयपुरको गाईघाटस्थित त्रियुगा क्याम्पसबाट १२ कक्षाको अन्तिम परीक्षामा उनलाई एउटा विषय लाग्यो । त्यहीबीचमा विवाह भयो र पढाइ रोकियो । पछि सुरुंगास्थित घर नजिकै शिशुवारी क्याम्पस खुलेपछि पोखरेलले पुनः १२ कक्षा उत्तीर्ण गरी नेपाली विषयमा स्नातक गरिन् र हाल स्नातकोत्तर सकेर अध्यापन गराइरहेकी छन् ।

सुमित्रा र डिकुरा त प्रतिनिधि पात्रमात्र हुन् । गाउँमै क्याम्पस स्थापना भएपछि उनीहरूजस्तै सयौं छोरी-बुहारीले यहाँ आफ्ना अधुरा सपनालाई पुनः पूरा गर्ने अवसर पाएका छन् । सप्तरीको उत्तर-पश्चिमी सीमान्त गाउँ शिशुवारीमा अवस्थित यो क्याम्पस स्थानीयको पसिना र चन्दाबाट ठडिएको हो । २०६९ साउन १५ गते त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन पाएको यस क्याम्पसले उच्च शिक्षाको ढोका खोलिदिएको छ । हाल यहाँका ३०० भन्दा बढी बुहारीहरू स्नातक उत्तीर्ण भई कोही निजामती सेवा त कोही शिक्षण पेसामा प्रवेश गरेर आफ्नो संसार आफैं बदल्न सफल भएका छन् ।

क्याम्पस प्रमुख कृष्णप्रसाद तिम्सिनाका अनुसार यहाँ सप्तरीका मात्र होइन, छिमेकी जिल्ला सिरहा, उदयपुर, खोटाङ, सुनसरी र मोरङसम्मका छात्राहरू लाभान्वित भइरहेका छन् । 'यहाँको गाउँले वातावरण, न्यून शुल्क र सुरक्षित वातावरणले गर्दा बुहारीहरूका लागि यो क्याम्पस माइतीको घरजस्तै बनेको छ,' उनी भन्छन् ।

क्याम्पस प्रमुख तिम्सिनाका अनुसार आर्थिक




रूपमा कमजोर परिवारका लागि वार्षिक रु १४ हजार मात्र शुल्क निर्धारण गरिएकाले यो क्याम्पस अन्य सामुदायिक क्याम्पसभन्दा करिब ३० प्रतिशत सस्तो र सहज पहुँचयोग्य बनेको छ । साथै, अतिविपन्न विद्यार्थीलाई निःशुल्क भर्ना गर्ने व्यवस्था पनि गरिएको छ । क्याम्पसको यो गुणस्तरीय र सुलभ शिक्षाले धेरैको जीवनमा व्यावसायिक परिवर्तन ल्याएको छ ।

उदयपुरको मुर्कुचीबाट विवाह गरी आएकी टुना माया मगरले यहीबाट स्नातक गरी शिक्षक सेवा आयोग उत्तीर्ण गरेकी छन् । हाल उनी जनप्रभात मावि दौलतपुरमा स्थायी शिक्षिका छिन् । यस्तै, दुई वर्षअघि यही अध्ययन गरेकी मनिषा विकले पनि शिक्षक सेवा उत्तीर्ण गरेर राष्ट्रिय प्राविमा अध्यापन गराइरहेकी छन् ।

यस्तै, कथा छ प्रेमा थापामगरको पनि । उनले शिशुवारी क्याम्पसमा प्लस टू अध्ययन गरे पनि त्यतिबेला क्याम्पसमा स्नातक तह सञ्चालन नभएकाले लहानस्थित जेएस मुरारका बहुमुखी क्याम्पसबाट स्नातक गरिन् । 'त्यतिबेला यहाँ स्नातक तहको अध्ययन हुन्थेन, त्यसैले बाहिर बसेर पढ्नुपर्‍यो । हाल भने धेरै दिदीबहिनीहरूले गाउँमै पढ्न पाएका छन्, त्यो देख्दा खुसी लाग्छ,' उनले भनिन्, 'हाल शिशुवारीमा स्नातक नगर्ने कुनै घर छैन, यो यस क्याम्पसको गौरव हो ।'

लहान माइती भएकी करिनाकुमारी महतोले गत वर्ष

> स्थानीयको चन्दा र गाँस काटेर गरिएको सहयोगबाट सञ्चालित यस क्याम्पसले विपन्न परिवारका छोरी-बुहारीहरूका लागि वास्तवमै अँध्यारोमा एउटा उज्यालो दियोको काम गरिरहेको छ । चुलोचौकोको धुवाँबाट निस्किएर उच्च शिक्षासम्म पुग्ने यहाँका छोरी-बुहारीहरूको यात्राले शिशुवारीलाई केवल एउटा शैक्षिक संस्थामात्र होइन, सामाजिक परिवर्तनको एउटा बलियो केन्द्र बनाएको छ ।

बिहे गरेर शिशुवारी आएपछि पनि अध्ययनलाई छोडिनन् । हाल कक्षा १२ मा अध्ययनरत उनलाई वैदेशिक रोजगारीका लागि साउदी अरबमा रहेका श्रीमान् कृष्ण महतोले उत्तिकै हौसला दिइरहेका छन् । 'खेतीपाती र पशुपालन गर्ने बुबाआमाले बाहिर राखेर पढाउन सक्ने अवस्था थिएन । हाल घरको काम भ्याएर पनि पढ्न पाएकी छु, घरपरिवार सबै खुसी हुनुहुन्छ,' महतोले भनिन् ।

शिशुवारी क्याम्पसले सुरुंगाका छोरी-बुहारीहरूका लागि केवल 'डिग्री' मात्र बाँडेको छैन, एउटा आत्मविश्वास र आत्मनिर्भरताको बाटो पनि कोरिदिएको छ । पारिवारिक उल्झन र आर्थिक अभावका कारण बीचैमा पढाइ छाडेर गृहिणीमा सीमित भएकाहरू हाल उच्च शिक्षा हासिल गर्ने सपना देखिरहेका छन् ।

### मुट्ठीदानबाट ठडिएको 'ज्ञानको मन्दिर'

यो परिवर्तनको कथा त्यतिबेला सुरु भयो, जब गाउँमा 'ज्ञानको मन्दिर' ठडयाउन स्थानीयले मुट्ठीदान सुरु गरे । लहानका गणपतलाल सारडाले २१ कट्ठा जग्गा दान गरेपछि सुरु भएको यो अभियानमा स्थानीय नारायणप्रसाद पराजुलीले तीन लाख रूपैयाँबराबरको जग्गा थपे । अन्य गाउँलेले गच्छेअनुसार १० हजारदेखि ५१ हजार रूपैयाँसम्म नगद सहयोग गरे ।

क्याम्पसका लेखापाल ज्ञानेन्द्र धमलाका अनुसार १४ वर्षको अवधिमा स्थानीयबाट मात्र १७ लाख रूपैयाँभन्दा बढी नगद सहयोग जुटेपछि विद्यालयको विकासमा सहयोग पुगेको हो । 'स्थानीयको अपनत्व'का कारण क्याम्पसले स्थानीयस्तरमा गुणस्तरीय शिक्षा दिन सहज भएको उनको भनाइ छ ।

क्याम्पस सञ्चालक समितिका अध्यक्ष एवं सुरुंगा-१ का वडाध्यक्ष छत्रबहादुर राउत (राजकुमार) क्याम्पसले विभिन्न बाधा झेलेर पनि स्थानीयमा शिक्षाको ज्योति बाल्न योगदान गरिरहेको बताउँछन् । 'मैले जिम्मेवारी लिँदा भवन जीर्ण थियो, शिक्षकहरूको तलब झण्डै दुई लाख बक्यौता थियो र जम्मा १० जना विद्यार्थीमात्र थिए,' उनी विगत कोटयाउँछन्, 'तर हार नखाई चलाइएको घरदैलो अभियानले ५२ जना छोरी-बुहारीलाई क्याम्पस भर्ना गरायो । शिक्षकहरूले महिनौंसम्म तलब नपाउँदा पनि कक्षा रोकेनन्, जसको नतिजास्वरूप आज यो क्याम्पस कोशी प्रदेशमै बिएडतर्फको नतिजामा पहिलो हुन सफल भएको छ ।' राउतको यो तेस्रो कार्यकाल हो ।

यही क्याम्पसको स्नातक पहिलो ब्याचका विद्यार्थी एवं हाल सञ्चालक समिति सदस्य काशि कार्कीका अनुसार यहाँ पढेका कयौं विद्यार्थीहरू नेपाल सरकारको निजामती सेवामा प्रवेश गरेर राष्ट्र सेवामा जुटिसकेका छन् । कुनै समय सामान्य लेखपढमात्र भएको यो गाउँमा हाल प्रायः हरेक घरमा कम्तीमा एकजना स्नातक उत्तीर्ण छोरी वा बुहारी भेटिन्छन् । 'यो अभियानको सबैभन्दा ठूलो सफलता हो । हाल तराई मधेस समृद्धि कार्यक्रममार्फत बनेको पक्की भवनमा कक्षा सञ्चालन भइरहेको छ भने भारतीय दूतावासको पाँच करोड रूपैयाँ लागतमा निर्माणाधीन तीनतले अत्याधुनिक भवन आगामी वैशाखमा उद्घाटन गर्ने तयारी छ । यी पूर्वाधार बनेमा थप सहज हुने छ,' उनले भने ।

त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा बिएड र प्लस टूतर्फ शिक्षा र व्यवस्थापन संकायको अध्ययन अध्यापन भइरहेको यस क्याम्पसले विद्यार्थीलाई कम्प्युटरको आधारभूत सीप र शिक्षक सेवा आयोगको तयारी कक्षासमेत निःशुल्क उपलब्ध गराउँदै आएको छ । क्याम्पस प्रमुख तिम्सिनाका अनुसार हाल यहाँ प्लस टूतर्फ २०० र स्नातकतर्फ २२५ जना विद्यार्थी अध्ययनरत छन्, जसमा छोरी-बुहारीहरूको बाहुल्यता छ ।

स्थानीयको चन्दा र गाँस काटेर गरिएको सहयोगबाट सञ्चालित यस क्याम्पसले विपन्न परिवारका छोरी-बुहारीहरूका लागि वास्तवमै अँध्यारोमा एउटा उज्यालो दियोको काम गरिरहेको छ । चुलोचौकोको धुवाँबाट निस्किएर उच्च शिक्षासम्म पुग्ने यहाँका छोरी-बुहारीहरूको यात्राले शिशुवारीलाई केवल एउटा शैक्षिक संस्थामात्र होइन, सामाजिक परिवर्तनको एउटा बलियो केन्द्र बनाएको छ । *रासस*

# विपद्‌बाट बचाउन सहयोगी बन्दै पूर्वसूचना प्रणाली

✍ प्रगति ढकाल/काठमाडौं

गत शुक्रबार, आकाश अचानक बदली देखियो । घरका छाना नै उठाउने गरी हावाहुरी बेस्सरी चल्यो । चैत महिनाको मौसम पनि चिसो थियो । मुलुकको अधिकांश स्थानमा चटयाङसहितको असिना पानी पर्‍यो । त्यसको दुई दिन अघिमात्रै जल तथा मौसम विज्ञान विभागले ठूलो हावाहुरीसहित वर्षा हुने पूर्वानुमान सार्वजनिक गरिसकेको थियो ।

यो पूर्वसूचना औपचारिक जानकारीमात्र बनेन, व्यावहारिकरूपमा प्रभावकारी सावधानीको माध्यम बन्यो । विभागको सूचनापछि विद्यालयले तुरुन्तै चासो देखाए । कक्षाकोठामा रहेका बालबालिकाहरूलाई समय अगावै घर पठाइयो । अभिभावकहरू सजग बने । कसैले छाता बोके, कसैले आफ्ना छोराछोरी लिन आफैं विद्यालय पुगे । कार्यालय हिँडेका मानिसहरू साथमा रेनकोट बोकेर निस्किए । सम्भावित जोखिमलाई ध्यानमा राख्दै सर्वसाधारणले देखाएको तत्परताले ठूलो दुर्घटना टार्न मद्दत गर्‍यो ।


पूर्वसूचनाकै आधारमा अनावश्यकरूपमा बाहिर ननिस्किने, यात्रा स्थगित गर्ने र सुरक्षित स्थानमा बस्ने निर्णयहरू भए । यसले ठूलो जोखिम न्यूनीकरण गर्‍यो । हावाहुरी सुरु भएसँगै विभिन्न स्थानमा बिजुलीका पोल ढल्ने, रुखहरू भाँचिनेजस्ता घटनाहरू भने भए । कतिपय ठाउँमा विद्युत् सेवा अवरुद्ध पनि भयो । तर, यस्ता घटनाका बाबजुद मानवीय तथा ठूलो भौतिक क्षति हुन पाएन । यस घटनाले एउटा महत्त्वपूर्ण सन्देश दिएको छ । समयमै प्राप्त हुने विश्वसनीय पूर्वसूचना र त्यसप्रति नागरिक तथा संस्थागत तहको जिम्मेवार प्रतिक्रिया भएमा ठूलो विपद्‌को असरलाई उल्लेखनीयरूपमा कम गर्न सकिन्छ ।

जल तथा मौसम विज्ञान विभागले गत असोज १७ देखि २० गतेसम्म मुलुकका विभिन्न स्थानमा भारीदेखि अति भारी वर्षा हुने, बाढी-पहिरोको जोखिम रहेको भन्दै जो जहाँ छ, उही सुरक्षित रहन सन्देश जारी गर्‍यो । त्यसपछि अन्य अन्तरसरकारी निकायहरूले विभागको सूचनालाई अनुशरण गर्दै विपद् व्यवस्थापनको पूर्वतयारीका लागि जुट्न थाले । राष्ट्रिय विपद् जोखिम

> “ पूर्वसूचना दिन छिटो र स्वचालित प्रविधिको रूपमा सन् २००० मै विश्वका विकसित देशहरूले राडार र प्रेसर बब्लर सेन्सरको प्रयोग गर्न थालेका थिए । सन् २००५ मा जापानमा भएको संयुक्त राष्ट्रसंघको सम्मेलनले बाढी प्रभावित देशहरूलाई बाढीको पूर्वसूचना प्रक्रियालाई छिटो र सहज तरिकाले सम्प्रेषण गर्न राडार र बब्लर सेन्सरको प्रयोग गर्न सुझाव दिएपछि सन् २००८ देखि नेपालमा यो प्रविधिको प्रयोग हुन थालेको हो ।

न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले उक्त अवधिमा कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका विभिन्न स्थानमा भारी वर्षा हुने सम्भावना रहेकाले लामो दूरीका तथा काठमाडौं उपत्यकाभित्र सञ्चालन हुने सवारीसाधन आवागमन केही दिनसम्म रोक्ने निर्णय गर्‍यो । उक्त निर्णयले यसपटक बाढीपहिरोका कारण सडक यात्रीहरूको ज्यान जान पाएन ।

२०८१ असोजमा झ्याप्ले खोलामा आएको पहिरोका कारण यात्रुबाहक बस नै पुरिँदा ३५ जनाभन्दा बढीको ज्यान गएको थियो । रातिको समयमा पहिरो खस्दा बुटवलबाट काठमाडौंका लागि छुटेको लु १ ज ४५७८ नम्बरको माइक्रोबस, गोरखाबाट काठमाडौंका लागि हिँडेको ना ४ ख २२७० नम्बरको बस, चितवनबाट काठमाडौंका लागि हिँडेको बा ३ ज १३४५ नम्बरको माइक्रोबस पहिरोले पुरिएको अवस्थामा भेटिएको थियो ।



त्यस वर्ष मौसम विभागले अति भारी वर्षा हुने र सकेसम्म यात्रा नगर्न आग्रह गर्दै पूर्वसूचना जारी गरेर सचेत गराएको थियो । तर विभागको सूचनालाई अन्य सरकारी संयन्त्रले नै विश्वास गरेन । सूचनाको बेवास्ता गर्‍यो । न यात्रुहरूले पत्याए, न सवारीधनीहरूले सूचनाको विश्वास गरेर केही दिन सवारीसाधन बन्द गर्न सके ।

गत असार २४ गते रसुवास्थित नेपाल-चीन सीमामा रहेको ल्हेन्दे खोलामा बाढी आयो । बाढीका कारण चीन-नेपालका गरी अहिलेसम्म १९ जना बेपत्ता र सात जनाको मृत्यु भयो । विभागका बाढीविद् विनोद पराजुलीका अनुसार सुप्राग्लेसियर ताल फुट्दा आएको उक्त बाढीको पूर्वसूचना प्रणाली भएको भए अकालमै सर्वसाधारणको ज्यान जाने थिएन । 'रसुवा भोटेकोशी नदीमा आएको बाढीसम्बन्धी पूर्वसूचना पाएको भए अकालमै कसैले मृत्यु व्यहोर्नुपर्ने थिएन,' उनी भन्छन् ।

'राडार र बब्लर सेन्सर नदीको आसपासमा जडान गरिएको हुन्छ, पानीको सतह घटबढ भएको सूचना हाम्रो डेटा लगरमा संकलित हुन्छ र कम्युनिकेसन मोडेलबाट हाम्रो वेबसाइटमा सूचना आउँछ,' बाढीविद् पराजुली भन्छन्, 'बाढी आउने सम्भावनालाई विश्लेषण गरेर जिल्ला प्रशासन कार्यालय, प्रहरी, सेना, रेडक्रस, प्रभावित हुन सक्ने समुदायका स्थानीय विपद् व्यवस्थापन समिति तथा प्रतिनिधिहरूलाई सूचना सम्प्रेषण गर्छौं ।'

स्थानीय बासिन्दाले बाढीको पूर्वसूचना पाएर बाढी आउने भू-भागतिर नै भाग्ने गरेको बताउँछन् पराजुली । 'जता-जता बाढी आउँछ, उतै-उतै स्थानीय नजाऊन् भन्नका लागि हामी पहिल्यै नै तालिम, गोष्ठी तथा समुदाय तहमा गएर जानकारीमूलक कार्यक्रमहरू सञ्चालन गरिरहेका छौं,' उनी भन्छन्, 'विगतलाई फर्केर हेर्दा नेपालमा बाढी नआएको कुनै वर्ष नै छैन । गत वर्ष पनि तराईका केही भूभागहरू बाढीको चपेटामा परे, तर राडार र बब्लर सेन्सर जडान भएको ठाउँमा कुनै मानवीय क्षति हुन सकेन ।' आजभन्दा १० वर्षअघि वर्षात्‌को समयमा आकाशबाट परेको अविरल वर्षासँगै कर्णाली नदीमा ठूलो बाढी आयो । बाढीसँगै बर्दियाको राजापुरको अस्तित्व नै बगाइदियो । ६० घर बाढीसँगै बगेर गए ।

⏭ क्रमशः पृष्ठ ५ मा



जानकी मन्दिरमा भक्तजन | रामनवमीको अवसरमा शुक्रबार जानकी मन्दिरमा पूजाअर्चना गर्न आएका भक्तजन । तस्विर: रासस

# काम नगर्ने प्रादेशिक स्वास्थ्य संस्थालाई कारबाही गर्न निर्देशन

**भक्तपुर–** बागमती प्रदेश स्वास्थ्य मन्त्रालयले प्रदेशभित्रका प्रादेशिक अस्पताल, जिल्ला जनस्वास्थ्य कार्यालयदेखि जिल्ला आयुर्वेदिक अस्पतालको छड्के अनुगमन एवं निरीक्षण सुरु गरेको छ । स्वास्थ्यमन्त्री किरण थापामगरको नेतृत्वमा स्वास्थ्यसचिव डा. सुमित्रा गौतम, पूर्वस्वास्थ्यमन्त्री रामेश्वर श्रेष्ठ, प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक डा. नरेन्द्रकुमार झालगायतको टोलीले बिहीबारबाट छड्के अनुगमन एवं निरीक्षण सुरु गरेको हो ।

यसै क्रममा ललितपुरमा प्रादेशिक अस्पतालको रूपमा सञ्चालित बज्रबाराही चापागाउँ अस्पतालको सेवा सञ्चालन र प्रदेश मन्त्रालयको करिब १४ करोड रूपैयाँको बजेटमा निर्माण भइरहेको अस्पताल भवनको निरीक्षण गरियो । मन्त्री थापामगरले नवनिर्मित भवनमा केही संरचना अपुग र अव्यवस्थित भएको भन्दै निर्माण सम्पन्न हुनु अगावै त्यस्ता संरचनालाई सच्याउन निर्देशन दिए । उनले ललितपुरको दुर्गम क्षेत्रका बासिन्दालाई गुणस्तरीय सेवा प्रदान गर्न कुनै कसर बाँकी नराख्न अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट डा. लक्ष्मण खड्कासहितको टोलीलाई निर्देशन दिए ।

मन्त्री थापामगरले भने, 'बज्रबाराही अस्पताल २५ शयचाको स्वीकृत भए पनि सबै शयचा सञ्चालन हुन सकेका छैनन् । यस अस्पताललाई छिट्टै ५० शयचामा विस्तार गर्दै छौं, यही अस्पतालमा शल्यक्रिया सेवा सञ्चालन गर्न एनेस्थिसिया डाक्टरसमेत पठाउँदा पनि सेवा सुरु हुनसकेको छैन, त्यसैले तत्काल सेवा सुधार्नुस् ।'

निरीक्षणमा सहभागी मन्त्रालयकी सचिव डा. गौतमले अस्पतालमा शल्यक्रिया, प्रयोगशालालगायत विभिन्न सेवाबारे मन्त्रालयमा गुनासा आएकाले त्यसमा सुधार गर्न निर्देशन दिइन् । अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट डा. खड्काले अस्पतालमा १०० कर्मचारी रहेका र दैनिक २०० बिरामीले सेवा लिने गरेको जानकारी गराए ।

टोलीले जिल्ला जनस्वास्थ्य कार्यालय ललितपुरको अनुगमन गर्दै मन्त्री थापामगरले जनस्वास्थ्य प्रमुख डा. खगेश्वर गेलाललाई जिल्लाका दुर्गम गाउँपालिका र दुर्गम क्षेत्रका बासिन्दालाई लक्षित गरी स्वास्थ्य शिविर सञ्चालन गरी सेवा प्रवाह गर्न निर्देशन दिए । मन्त्री थापामगरले प्रदेशअन्तर्गत रहेका १३ वटै जिल्लाका प्रादेशिक अस्पताल, आयुर्वेदिक अस्पताल र जिल्ला जनस्वास्थ्य कार्यालयको अवलोकन, निरीक्षण अभियान सुरु गरिएको जानकारी दिए । प्रत्येक जिल्लाको गाउँ-गाउँमा स्वास्थ्यको सहज पहुँच पुऱ्याउन सरकार लागिरहेको र आफ्नो जिम्मेवारी बहन गर्न सबैलाई आवश्यक आग्रह र निर्देशन दिन अनुगमनलाई निरन्तरता दिइने बताए । *रासस*

# अवैधरूपमा सञ्चालित क्रसरबाट नुवाकोटका स्थानीयवासी पीडित

## विद्यालय र अस्पताल झनै समस्यामा



■ रामहरि न्यौपाने

**त्रिशूली (नुवाकोट)–** यहाँको विभिन्न स्थानमा सञ्चालित अवैध क्रसर उद्योगले स्थानीयवासी पीडित हुँदै आइरहेका छन् । नदी तथा खोलामा अवैधरूपमा उत्खननले तीव्रता पाइरहेका छन् । कानुनको अभाव र नियमनकारी निकायको कमजोरीका कारण प्राकृतिक स्रोतको दुरूपयोग गर्दै राजस्व संकलनमासमेत छलकपट हुँदै आइरहेको छ ।

नुवाकोटको दक्षिणपूर्वमा पर्ने शिवपुरी पञ्चकन्या र लिखु गाउँपालिकाहुँदै पश्चिमतर्फ बग्ने लिखु खोलाका विभिन्न स्थानमा सञ्चालनमा रहेका अवैध क्रसर उद्योगले स्थानीय जनताको स्वास्थ्यमा प्रतिकूल असर पुगेको भन्दै चौतर्फी विरोध भइरहेको छ । पूर्वपश्चिम मध्यपहाडी लोकमार्ग निर्माणका नाममा विभिन्न राजनीतिक दलको संरक्षणमा सञ्चालन भएका ती क्रसर उद्योगबाट करोडौं रूपैयाँको नदीजन्य सामग्री ढुंगा, गिट्टी, बालुवाको दोहन हुनुका साथै उद्योग आसपासका बस्ती विपद्को जोखिममा परेका छन् ।

वर्षात्को समयमा बाढीपहिरोको जोखिम त छँदै छ, हिउँदमा धुलो, धुवाँका कारण बस्नै कठिन भइरहेको स्थानीयको गुनासो छ । मध्यपहाडी लोकमार्गअन्तर्गत पर्ने उक्त क्षेत्रको सडकखण्ड निर्माण सम्पन्न भइसक्दा पनि स्थानीय जनप्रतिनिधि र राजनीतिक दलको संरक्षणका कारण आयोजनाको नाममा रहेका अवैध उद्योग विगत १० वर्षदेखि निरन्तर सञ्चालनमा छन् ।

अवैध उद्योग सञ्चालन भइरहँदा सोहीअनुसार प्राप्त हुनुपर्ने राजस्व संकलनको लक्ष्य पनि अधुरै रहेको छ । समुदायको साझा सम्पत्तिका रूपमा रहेको खोला र नदी स्थानीय राजनीतिक दलको कमाउधन्दा भइरहेको भन्दै नियमनकारी निकायलेसमेत चासो नदिएको भन्दै प्रभावित स्थानीयवासीले गुनासो गरेका छन् ।

शिवपुरी गाउँपालिकाको अध्यक्ष गोविन्दप्रसाद थपलियाले राष्ट्रिय गौरवको आयोजनाका सडक बनाउन क्रसर उद्योग स्थापना भए पनि ती योजना सम्पन्न भइसक्दासमेत निरन्तर सञ्चालनमा रहेको स्वीकार गरे । आयोजनाका नाममा लिएका अनुमतिबाट सञ्चालन रहेका उद्योग पालिकाले नियमनको प्रयास थाले पनि कानुनी अभावको समस्या रहेको उनको भनाइ छ । 'सञ्चालित क्रसर उद्योगबाट उत्पन्न प्रदूषण र प्राकृतिक दोहनको विषयमा कुनै उजुरी र गुनासो लिखित रूपमा आएको छैन,' अध्यक्ष थपलियाले भने, 'उजुरी आए कारबाहीका लागि पालिका तयार छौं ।'

आयोजनाको नाममा स्थापना भएका अस्थायी क्रसर उद्योगलाई निरन्तर सञ्चालनका लागि आवश्यक विद्युत् सिफारिसलगायत कार्य भने पालिकाको सहजीकरण कानुनको दायराभित्रै बसेर गरिएको उनले दाबी गरे । तर उक्त सुविधा रोक्नुपर्ने स्थानीयवासीको माग छ ।

शिवपुरी-१ स्थित तलाखुबाट सुरु भएर जिल्लाको लिखु गाउँपालिका जोडिने स्थानसम्म करिब आधा दर्जन क्रसर उद्योग सञ्चालनमा छन् । अस्थायीरूपमा सञ्चालित ती उद्योग अवैध रहेको भन्दै स्थानीयले गुनासो गर्दै आइरहेका छन् । उद्योगको वार्षिक नवीकरण, सञ्चालनको अनुगमन, मापदण्डको पालनामा भने स्थानीय सरकारदेखि जिल्लास्तरीय अनुगमन समितिकोसमेत पहुँचभन्दा बाहिर छ ।

ती क्रसर उद्योगका लागि खोलाबाट निकालिने ढुंगा, गिट्टी र बालुवा कसले कुन प्रयोजनका लागि कहाँ लैजान्छन्, नियामक निकायलाई नै जानकारी नहुने अवस्था छ । आयोजनाका लागि अनुमति लिएका क्रसर उद्योगमा उत्पादित सामग्री सोही प्रयोजनका लागिमात्र उपयोग गर्न पाइन्छ । तर त्यसमा सम्बन्धित नियामक निकायबाट अनुगमन नहुँदा उत्खननदेखि निकासीसम्म अवैध गतिविधिले प्रश्रय पाएको हो ।

लिखु खोलाबाट अवैधरूपमा भइरहेको ढुंगा, गिट्टी र बालुवाको उत्खननले आफ्नो घर र खेत कटानको जोखिममा परेको शिवपुरी गाउँपालिका-५ स्थित शेरावगरका रविन कार्कीले दुःखेसो गरे । निरन्तर खोलाबाट निर्माण सामग्री निकालिँदा खोलाको सतह भासिँदै गएको छ । खोला नजिकका खेतीयोग्य जमिन एवं बस्ती नदी कटानको उच्च जोखिममा परेका छन् । नदीमा तोकिएको मापदण्डभन्दा गहिराइसम्म पुगेर हुने उत्खननले नदीको सतह गहिरिएर किसानले सिँचाइ गर्न लगेका बाँधमा पानी उक्लन नै छाडेको कार्कीले गुनासो छ ।

अवैधरूपमा भइरहेको नदीजन्य सामग्रीको उत्खननले खेतीयोग्य एक रोपनी खेत नै खोलाले बगाएको शिवपुरी-६ का साइलो तामाङको गुनासो छ । उनका अनुसार हिउँदयाममा खोलाको सतह सानो हुँदा गरिने अवैध उत्खननले बर्खायाममा आउने खोलाबाढीले बहाब परिवर्तन गर्दै बस्ती जोखिममा पारेको हो । आफू अन्यायमा परेको भन्दै स्थानीय जनप्रतिनिधिलाई बारम्बार गरेको ध्यानाकर्षणको कुनै चासो नदिएको उनले दुःखेसो पोखे ।

नुवाकोटका विभिन्न स्थानमा सञ्चालनमा रहेका क्रसर उद्योगको वैधता भए नभएको अनुगमन गर्दै कारबाही अघि बढाउन लागिएको प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मीले बताए । उनका अनुसार उद्योग सञ्चालनमा अनुमति दिने आयोजनासहितका निकाय, अनुगमनमा प्रत्यक्ष जोडिएका स्थानीय सरकारलगायतसँगको सहकार्यमा अवैध ठहरिएका उद्योग बन्द गरिने छ ।

'केही स्थानबाट उद्योगको वैधता सम्बन्धमा आएका गुनासोलाई आधार मानेर जिल्लाभरका विवरण संकलनमा लागेका छौं,' प्रजिअ रेग्मीले भने, 'अनुमति दिने, उत्खनन र निकासीको ठेक्का लगाउने तथा राजस्व संकलन गर्दै आएका विभिन्न निकायसँगको सहकार्यबाट अवैध देखिएकालाई बन्द गराउनेछौं ।' शिवपुरी-५ शेराबगरमा विगत १० वर्षदेखि सञ्चालित क्रसर उद्योग अवैध रहेको सम्बन्धमा प्रशासनमा जानकारी नभएकाले आगामी दिनमा सबैलाई कानुनी दायरामा ल्याउन प्रतिबद्धता रहने उनले स्पष्ट पारे ।

उक्त क्रसर उद्योगले स्थानीयवासीको स्वास्थ्यमा गम्भीर असर पुग्नेदेखि ध्वनि प्रदूषणका कारण दैनिक जनजीवन नै कष्टकर भएको स्थानीय कपिल गोतामेले गुनासो गरे । 'अवैधरूपमा लामो समयदेखि सञ्चालनमा रहेको क्रसर उद्योग नियामक निकायको कमजोरी र संरक्षण छ,' उनले भने, 'स्थानीयवासीले विभिन्न निकायमा गुनासो गर्दा कुनै सुनुवाइ हुन्न । अन्याय भयो भन्नेलाई नै उल्ट डर, त्रास देखाई आवाज बन्द गराइन्छ ।'

अस्थायी क्रसर सञ्चालनको अनुमति लिएका उद्योगहरूले धेरै वर्षदेखि नवीकरण नभई राजस्व छली गर्दै मापदण्डविपरीत सञ्चालनमा छन् । आयोजनाको तोकिएका क्षेत्रको काम सम्पन्नपश्चात् बन्द हुनुपर्ने ती उद्योग पछिल्लो १० वर्षदेखि चलिरहेका छन् ।

उद्योगको एक किलोमिटरको दूरीभित्रै विद्यालय, अस्पताललगायत संवेदनशील क्षेत्र छन् । कानुन कार्यान्वयन नहुँदा क्रसर उद्योगबाट निस्किएका धूलो र धुवाँ, उपकरणको ठूल्ठूला आवाज तथा निर्माण सामग्री ओसार्न प्रयोग भएका हेभी उपकरणको आवतजावतले विद्यालय र अस्पताललाई प्रत्यक्ष असर पुगेको छ ।

अवैधरूपमा सञ्चालित क्रसर उद्योगलाई कानुनी दायरामा ल्याई व्यवस्थित गर्नका लागि विद्यालय र अस्पतालका तर्फबाट पटक-पटक राखेको गुनासोको चाँडै सम्बोधन हुने आशामा स्थानीयवासी शान्त पर्खाइमा छन् । मागको सुनुवाइ नभए विरोधमा उत्रिएर आफूहरूले नै अवैध क्रसर उद्योग बन्द गराउन बाध्य हुने उनीहरूको चेतावनी छ । *रासस*

# शैक्षिक गुणस्तर सुधार्न विद्यालयमा पूर्वाधार विकास

**सिरहा–** यहाँको लहान नगरपालिका-८ स्थित सिद्धार्थ आधारभूत विद्यालयमा बिहीबार एक विशेष कार्यक्रमकाबीच नवनिर्माण गरिएको चारकोठे भवन, हात धुने स्थान, शौचालय र खानेपानी संरचना हस्तान्तरण गरिएको छ ।

विद्यालयमा निर्मित चारकोठे भवन नगरपालिकाले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत ४५ लाख रूपैयाँ लागतमा निर्माण गरेको नगरप्रमुख महेशप्रसाद चौधरीले जानकारी दिए । यसका साथै नगरपालिकामा सञ्चालित 'द विकन परियोजना'मार्फत १७ लाख ५३ हजार रूपैयाँको लागतमा भवनबाहेकका अन्य सरसफाइ र खानेपानीका संरचना निर्माण गरिएका हुन् । यो परियोजनामा वाटर एड नेपाल, नेपाल खानेपानी संस्थान, लहान नगरपालिका र दलित जनकल्याण युवा क्लब साझेदारका रूपमा रहेका छन् ।

हस्तान्तरण कार्यक्रममा नगरप्रमुख चौधरीले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार्न भौतिक पूर्वाधार पहिलो सर्त भएको बताए । उनले भने, 'सामुदायिक विद्यालयको भौतिक पूर्वाधार सुधारविना गुणस्तरीय शिक्षा सम्भव हुँदैन । विद्यार्थीका लागि सुरक्षित र बालमैत्री वातावरणमा पढ्न पाउने अधिकार सुनिश्चित गर्न नगरपालिकाले शिक्षा क्षेत्रलाई उच्च प्राथमिकतामा राखेको छ । अब भौतिक संरचना तयार भइसकेकाले यस विद्यालयमा पनि अंग्रेजी माध्यममा पठनपाठन सञ्चालन गरिने छ ।'

विद्यालयकी प्रधानाध्यापक सुधा चौधरीले करिब २०० विद्यार्थी रहेको यस विद्यालयमा जीर्ण भौतिक संरचनाका कारण विगतमा पठनपाठनमा ठूलो समस्या भोग्नुपरेको स्मरण गरिन् । उनका अनुसार पहिले शौचालय नहुँदा विद्यार्थी र शिक्षकहरू बाहिर जानुपर्ने र खानेपानीको अभावमा विद्यार्थी घरै फर्किनुपर्ने बाध्यता थियो, जुन अब पूर्णरूपमा अन्त्य भएको छ ।

लहान नगरपालिकाले पछिल्लो समय 'एक विद्यालय, एक कम्प्युटर' र 'एक कक्षाकोठा, एक पंखा' जस्ता कार्यक्रममार्फत डिजिटल र भौतिक सुविधा विस्तार गरिरहेको छ । विकन परियोजनाले पनि लहानका विभिन्न विद्यालयमा १५ सयभन्दा बढी विद्यार्थीलाई स्वच्छ खानेपानी र एक हजार १०० भन्दा बढीलाई व्यवस्थित शौचालयको पहुँच पुऱ्याएको जनाएको छ । *रासस*

पृष्ठ ४ बाट क्रमश:

## विपद्बाट...

तर ठूलो बाढी आएर पनि त्यहाँका मानिसलाई बगाउन पाएन । धनको क्षति भयो, तर मानवीय क्षति हुन सकेन । सरकारी तबरबाट स्थापना भएका बाढी पूर्वसूचना केन्द्र र प्रणालीले नै त्यहाँका मानिसलाई जोगाएको बताउँछन् बाढीविद् पराजुली । ती पूर्वसूचना केन्द्र र प्रणाली स्थापना नभएको भए बाढीको चपेटामा परेर अकालमै ज्यान गुमाउनेको संख्या सयौं नाघ्न सक्थ्यो ।

करिब १० वर्षअघि नै भेरी नदीमा ठूलो बाढी आयो । त्यो बाढीले सुर्खेतको जामु भन्ने बजार नै बगायो । हेर्दाहेर्दै मरुभूमिमा परिणत भयो त्यो बजार । करिब २६ जनाले अकालमै ज्यान गुमाए । कयौं टुहुरा त कयौं अपांग भए । घरवारविहीन त भए नै, तर आफन्त गुमाउनुको पीडा अझै ताजा नै छ त्यहाँका बासिन्दाका लागि ।

अब प्रश्न उठ्न सक्छ, बर्दियामा घर बगायो तर मानिस क्षति भएन र सुर्खेतमा मानवीय क्षति भयो । बर्दियामा बाढी आउँदै छ भनेर सर्वसाधारणलाई सुसूचित गर्ने पूर्वसूचना केन्द्र र प्रणाली जडान गरिएको थियो । बाढीको पूर्वसूचनाकै कारण स्थानीयहरू सुरक्षित क्षेत्रमा सर्न सके । आफ्नो महत्त्वपूर्ण धनमालको संरक्षण गर्न सफल भए, बाढी आउनु अगावै । तर सुर्खेतमा पूर्वसूचना दिने प्रविधि जडान गरिएको थिएन । बर्दियामाझैं बाढी आउँदै छ भन्ने पूर्वसूचना पाउन सकेको भए सुर्खेतमा २६ जनाले ज्यान गुमाउनु पर्दैनथ्यो ।

वि.सं. २०७१ मा नै बबई नदीमा चारपटक बाढी आएको थियो । त्यहाँ बाढीसम्बन्धी पूर्वसूचना दिने प्रविधि जडान गरिएको थियो । त्यसकारण नदी आसपासका क्षेत्रमा बसोबास गर्ने मानिस बाढी आउनुअगावै सुरक्षित क्षेत्रमा सरेका थिए । सुरक्षित ठाउँमा गएका कारण त्यहाँ मानवीय क्षति हुन पाएन ।

आजभन्दा २० वर्षअघि बाढीको पूर्वसूचना दिने नयाँ-नयाँ प्रविधिको विकास हुन सकेको थिएन । त्यतिबेला सर्वसाधारणले जमिनभित्रका जीवजन्तुबाट पनि अड्कलबाजी लगाउँथे । अब ठूलो पानी पर्न सक्छ र नदीमा बाढी आउन सक्छ भनेर जमिनका सर्प, भ्यागुता, गड्यौला बाहिर निस्कन्थे । अनि सर्वसाधारणले अनुमान लगाउने गर्थे- बाढी आउन सक्छ भनेर । तर यो अनुमान कहिले मिल्थ्यो, कहिले मिल्दैनथ्यो ।

समय परिवर्तनसँगै बाढी कतिबेला आउँला भनेर हेर्नकै लागि अग्ला टावरहरू बनाइयो । टावरमा चढेर उपल्लो भेगका मानिसहरू नदीमा हेरेर बस्थे । अनि ठूलो पानी परेर खोलाको सतह बढ्यो भने तल्लो भेगका मानिसलाई चिच्याएर खबर पठाउने प्रयास गरिन्थ्यो । त्यो पनि भरपर्दो हुन सकेन । बाढी आएपछि तल्लो भेगका मानिसलाई सूचना पुऱ्याउन समय लाग्थ्यो । अनि सर्वसाधारण भाग्न भ्याउँदैनथे । सन् २००८ अघिसम्म मानव-स्वचालित स्टाफगेज (जल सतह मापनयन्त्र) को प्रयोग गर्न थालियो । त्यतिबेला स्टाफगेज हेरेर नदीमा पानीको सतह कतिसम्म पुगेको छ र बाढी आउने सम्भावना छ कि छैन भनेर पत्ता लगाउने गर्थे । बाढी आउने भए स्थानीय प्रतिनिधिहरूलाई आवा सेटमार्फत खबर पुऱ्याइन्थ्यो । बाढी आउने सम्भावित क्षेत्रका मानिसका लागि यो प्रविधि पनि छिटो र छरितो बन्न सकेन ।

पूर्वसूचना दिन छिटो र स्वचालित प्रविधिको रूपमा सन् २००० मै विश्वका विकसित देशहरूले राडार र प्रेसर बब्लर सेन्सरको प्रयोग गर्न थालेका थिए । सन् २००५ मा जापानमा भएको संयुक्त राष्ट्रसंघको सम्मेलनले बाढी प्रभावित देशहरूलाई बाढीको पूर्वसूचना प्रक्रियालाई छिटो र सहज तरिकाले सम्प्रेषण गर्न राडार र बब्लर सेन्सरको प्रयोग गर्न सुझाव दिएपछि सन् २००८ देखि नेपालमा यो प्रविधिको प्रयोग हुन थालेको हो ।

मौसम विभागले मौसमजन्य विपद्बाट हुने मानवीय क्षति कम गर्न समयमै पूर्वसूचना प्रवाहमा सक्रियता बढाएको जनाएको छ । विभागकी निमित्त महानिर्देशक डा. अर्चना श्रेष्ठले विश्वसनीय र समयमै सूचना प्रवाहले जोखिम न्यूनीकरणमा महत्त्वपूर्ण योगदान पुऱ्याउने बताइन् ।

उनका अनुसार जल तथा मौसमको नियमित अवलोकनले पृथ्वीको पानी सञ्चालन प्रक्रिया र वायुमण्डलबीचको अन्तरसम्बन्ध बुझ्न महत्त्वपूर्ण भूमिका खेल्छ । 'यसअन्तर्गत वर्षा, तापक्रम, आर्द्रता, हावाको गति तथा दिशा, नदीको बहावलगायत सूचकहरूको मापन गरिन्छ,' श्रेष्ठले भनिन्, 'यस्ता अवलोकनका आधारमा मौसम पूर्वानुमान, बाढी पूर्वानुमान तथा पूर्वचेतावनी प्रणाली सञ्चालन गरिँदै आएको छ । यसले विशेषगरी मनसुनजन्य विपद् व्यवस्थापनमा प्रभावकारी सहयोग पुऱ्याइरहेको छ ।'

जल तथा मौसम विज्ञान नीति २०८१ ले जल, मौसम, जलवायु तथा हिमसम्बन्धी मापन केन्द्र स्थापना, सञ्चालन, तथ्यांक तथा सूचना संकलन, सम्प्रेषण, प्रशोधन, विश्लेषणलगायत नवीनतम् प्रविधिको व्यवस्थित प्रयोग गर्ने नीति लिएको छ । श्रेष्ठका अनुसार देशभर सञ्चालित ५०० बढी मौसम मापन केन्द्रहरू, २०० बढी जलमापन केन्द्रहरू, थिग्रेनी मापन केन्द्रहरू, हिम केन्द्रहरू, हवाई मौसम मापन केन्द्रहरू, तीनवटा मौसम राडार केन्द्रहरू तथा एक रेडियोसोंड केन्द्रहरूको सञ्चालनमार्फत जल तथा मौसम अवलोकनमा महत्त्वपूर्ण भूमिका खेलिरहेको छ ।

### पहिरोसम्बन्धी पूर्वसूचनाको पनि आवश्यकता

बाढीसम्बन्धी पूर्वसूचनाका कारण जनधनको क्षति कम हुँदै आए पनि नेपालमा पहिरोसम्बन्धी पूर्वसूचनाको विकास पर्याप्त हुन सकेको छैन । विज्ञहरूले पहिरोसम्बन्धी पूर्वसूचनाको विकास जरुरी रहेको औंल्याएका छन् । भूगर्भविद् डा. सुवोध ढकालले पहिरोसम्बन्धी पूर्वसूचना विकास हुन सकेमा मनसुनजन्य विपद्बाट हुने क्षति कम गर्न सकिने बताए ।

'बाढीको हकमा कहिले पानी पर्छ, कुन खोलाको पानीको सतह बढ्दै छ भन्ने कुरा जानकारी दिइन्छ, यसले क्षति कम गराएको छ,' उनले भने, 'तर पहिरोमा गाह्रो के हुन्छ भने जमिन कहाँतिर बग्दै छ भन्ने बुझ्न पानीको सतह हेर्नुपर्ने हुन्छ । जमिनभित्र पानीको मात्रा पर्याप्त भएर बाहिर आयो भने पहिरो जान सक्छ भनेर अनुमान गर्न सकिन्छ । यसका लागि पहिरोसम्बन्धी पूर्वसूचनामा लगानी आवश्यक छ ।' *रासस*


**वन पैदावार बोलपत्रद्वारा लिलाम विक्री सम्बन्धी सूचना**

*प्रथम पटक सूचना प्रकाशन मिति : २०८२/१२/१४*

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८२/०८३ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको तथा जिल्ला वन पैदावार आपूर्ति समितिबाट फिर्ता भएको साल जातको गोलिया थान १३१ को २०५५.१३ घनफिट काठ र साल जातको दाउरा २.०० चट्टा जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**मुलडाँडा सामुदायिक वन उपभोक्ता समूह**
**बागमती–८, मकवानपुर**

प्रभाव दैनिक

शनिबार, १४ चैत २०८२ (Saturday, 28 March 2026)

रूपशाला

## गायिका कोमल वलीका बुबाको छतबाट खसेर निधन



चर्चित गायिका तथा पूर्वसांसद कोमल वलीका पिता ललितबहादुर वलीको निधन भएको छ । शुक्रबार दाङको तुलसीपुरस्थित आफ्नै निवासको छतमा घाम ताप्न जाने क्रममा खसेर ८५ वर्षीय ललितको निधन भएको हो । गायिका वलीले सामाजिक सञ्जालमार्फत बुबाको 'महाप्रस्थान' भएको जानकारी दिएकी छन् । वलीका अनुसार उनको पार्थिव शरीरलाई अन्तिम दर्शन र श्रद्धाञ्जलीका लागि तुलसीपुर (बाहिनी गेट नजिकै) रहेको निजी निवास 'दिपा-ललित निवास' मा राखिएको थियो । स्वर्गीय ललितबहादुर वली केवल एक अभिभावक मात्र नभई दाङको साहित्यिक र सामाजिक क्षेत्रका एक सक्रिय व्यक्तित्व थिए । वि.सं. १९९८ मंसिर १५ गते जन्मिका उनका 'दर्पण' (राष्ट्रिय गीत सङ्ग्रह) र 'मातृभूमि' (कविता सङ्ग्रह) गरी दुईवटा कृति प्रकाशित छन् ।

# बलिउड निर्देशक सिप्पी र राजेश हमालबीच संवाद कार्यक्रम हुने

■ प्रभाव संवाददाता

**काठमाडौं–** बलिउडका लेजेन्ड निर्देशक, निर्माता एवं कलाकार रमेश सिप्पी र नेपाली चलचित्रका महानायक राजेश हमालबीच संवाद कार्यक्रम तय भएको छ ।

चैत १९ देखि २३ सम्म हुन लागेको नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव (निफ) को अन्तरक्रियात्मक कार्यक्रम अन्तर्गत रहेर निर्देशक सिप्पी र महानायकबीच संवाद हुन लागेको अध्यक्ष केपी पाठकले जानकारी दिए ।

निफको दोस्रो दिन पर्यटन बोर्डमा दिउँसो ३ बजे यी दुईबीचको संवाद कार्यक्रम तय भएको आयोजकले बताएको छ । यी दुईको संवाद कार्यक्रमको शीर्षक 'सिनेमा संवाद : रमेश सिप्पी र राजेश हमालसँग' राखिएको छ । नेपाली र बलिउड चलचित्रको यात्रा, व्यक्तिगत अनुभव, चलचित्रको विगत, वर्तमान र भविष्यका विषयमा यी दुईले कुराकानी गर्ने तय भएको अध्यक्ष पाठकले बताए ।

उनले भने, 'दुई लेजेन्डहरूको अनुभव, उनीहरूको भोगाइ र सिनेमाको भविष्यका विषयमा उहाँहरूले संवाद गर्ने तय भएको हो । निफमा लिजेन्ड निर्देशक सिप्पीको उपस्थितिले बलिउड उद्योग र नेपाली चलचित्र क्षेत्रको सम्बन्ध थप विस्तार हुने अपेक्षाले यो कार्यक्रम राखिएको हो ।'

निफको उद्घाटन कार्यक्रममा विशेष उपस्थिति रहने गरी निर्देशक सिप्पी चैत १८ गते काठमाडौं आउने तय भएको आयोजकले बताएको छ । रमेश सिप्पीले दर्जनभन्दा बढी बलिउड फिल्म निर्देशन गरेका छन् । बलिउडमा काशेढुंगाका रूपमा साबित भएको फिल्म 'शोले' उनकै निर्देशनमा बनेको हो ।




सिप्पीले आफ्नो निर्देशनमा बनेका फिल्महरूमा शाहरूख खान, अमिताभ बच्चन, सञ्जय दत्त, ज्याक्की श्रफ, मिथुन चक्रवर्ती, ऋषि कपुर, सञ्जीव कुमार, शशी कपुर, धर्मेन्द्र र राजेश खन्नालगयातका बलिउड स्टारलाई अभिनय गराएका छन् ।

नेपाली फिल्मका महानायक हमाल बौद्धिक छविका कारण पनि लोकप्रिय छन् । उनले २०० भन्दा बढी फिल्ममा अभिनय गरेका छन् । उनको नाम हटाउँदा नेपाली सिनेमा क्षेत्र अपुरो हुन्छ । नवौं संस्करणको निफ चैत १९ बाट काठमाडौं हुँदैछ । आयोजकका अनुसार निफमा ४० देशका ८८ फिल्म देखाइनुका साथै फरक-फरक विषयमा १० वटा अन्तर्क्रियात्मक कार्यक्रमहरू गरिनेछ । प्रतिस्पर्धामा सहभागी नभएका १० वटा चिनियाँ र रसियन फिल्महरू पनि निफमा देखाइनेछ ।

# फ्राइडे रिलिजः हलमा 'हामी तीन भाइ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** शुक्रबार देशभर फिल्म फिल्म 'हामी तीन भाइ' प्रदर्शनमा आएको छ । फ्राइडे रिलिज अन्तर्गत प्रदर्शनमा आएको यो फिल्मले देशभर एकल प्रदर्शन अवसर पाएको छ । फिल्मले देशभरका १ सय भन्दा बढी शो पाएको निर्माण युनिटले जनाएको छ । यद्यपि फिल्मलाई व्यावसायिक सफलताका लागि भने ठुलो चुनौती छ ।

किनभने प्रदर्शनको ५१औं दिन मनाएको फिल्म 'आबाट आमा' र बलिउडको ठुलो फिल्म 'धुरन्धर २'ले हलमा राम्रो व्यवसाय गरिरहेको छ । तर फिल्मले दर्शकको मन जित्नेमा निर्माण पक्ष ढुक्क देखिएका छन् ।

सामाजिक कथामा कमेडी, पारिवारिक खटपट तथा सन्देश पनि दिने फिल्म 'हामी तीन भाइ'लाई मधुसूदन भट्टराईले निर्देशन गरेका हुन् । सबै उमेरका दर्शकले हेर्न मिल्ने फिल्ममा तीन दाजुभाइबिचको सम्बन्धको कथा छ । फिल्ममा विनोद न्यौपाने, लक्ष्मी वर्देवा, कुशल विष्ट, आश्मा गिरी, जाहन्वी बस्नेत,फलित राई, राजाराम पौडेल, रवीन्द्र झा,



विष्णु सापकोटा (हर्के हल्दार(, विकास चापागाइँ शुष्मा निरौला, यादव देवकोटा (सरापे),अन्जु हमाल,तारा शर्मा,पवन केसी, रमा विष्ट, विरेन श्रेष्ठ, शुष्मा जिम्बा, खिन्न बहादुर भण्डारी (भोले), गोविन्द प्रसाद पौडेल, भुमिका गिरी, टेकराज पौडेल,अमृतमान महर्जन लगायतको अभिनय दर्शकले हेर्न पाउने छन् ।

प्रसिद्धि सिने आर्ट्स प्रालिको ब्यानरमा निर्माण भएको यस फिल्मलाई त्रिरन्त श्रेष्ठ र मनोज श्रेष्ठले निर्माण गरेका हुन् । विक्रम तामाङ कार्यकारी निर्माता रहेको यस फिल्ममा सह-निर्माता भक्तलाल श्रेष्ठ, प्रतिमा थापा पोखरेल, दुर्गालक्ष्मी पाण्डे विशेष सहयोगी शम्भु कुमार केसी रहेका छन् ।

साजित महत प्रस्तुतकर्ता रहेको यस फिल्मको पटकथा तथा संवाद पछिल्लो समयका व्यस्त लेखक शिवम् अधिकारीले लेखेका हुन्। शिव ढकालको छायाङ्कन, बनिश शाहको सम्पादन रहेको यस फिल्मका गीतमा संगीतमा साप शक्ति,बाबुल गिरीले दिएका छन्। नृत्य निर्देशन कमल राई, इन्द्र देव महर्जनले गरेका छन् ।

# प्रदीप खड्काले चितवनमा १८ डी सिनेमाको उद्घाटन गरे

■ प्रभाव संवाददाता

**चितवन –** नेपाली सिनेमामा लोकप्रिय अभिनेता प्रदीप खड्काले रामनवमीको अवसरमा चितवनमा १८ डी सिनेमाको उद्घाटन गरेका छन् ।

उद्घाटनका क्रममा १८ डीको अनुभव लिदै अभिनेता खड्काले चितवन जस्तो पर्यटकीय गन्तव्यमा यस्तो आधुनिक प्रविधियुक्त सिनेमा थपिनु सकारात्मक भएको बताए । उनले सगरमाथा, रारा ताल लगायतका पर्यटकीय स्थललाई यस्तै प्रविधि मार्फत विश्वसामु प्रस्तुत गर्न सके पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने धारणा व्यक्त गरे ।

चितवनको भरतपुर स्थित सिजी ल्याण्डमार्कको दोस्रो तलामा सञ्चालनमा आएको १८डी सिनेमा फ्लाई ओभर ईन्टरटेनमेन्ट द्वारा संचालनमा ल्याईएको तेस्रो शाखा हो । यहाँ दर्शकले १७ फरक विषयवस्तुमा आधारित एनिमेटेड सिनेमा मार्फत विशेष प्रभाव सहितको मनोरञ्जन अनुभव गर्न सक्नेछन् । यो सिनेमामा एक पटकमा ८ देखि १० जना दर्शकले मात्र सिनेमाको मज्जा लिन सक्छन् । यहाँ सिनेमा हेर्दा पुरै सिट घुम्छ, हिउँ पनि झर्छ र पानी पनि पर्छ । हरेका सिनेमाको दृश्य अनुसारको १८ वटा अनुभूति दिलाउँछ ।

यसै क्रममा कम्पनीका प्रमुख राम थापाले दर्शकको मागलाई ध्यानमा राख्दै चितवनमा तेस्रो शाखा विस्तार गरिएको जानकारी दिए । उनले काठमाडौंको प्रवेशद्वारका रूपमा चिनिने चितवनमा यस सिनेमा मार्फत देशभरका दर्शकलाई आकर्षित गर्न सकिने विन्दूको रूपमा रहने बताए ।

कम्पनीले यसअघि काठमाडौंको सिटी सेन्टरमा पहिलो तथा पोखरा डिज्नील्याण्डमा दोस्रो शाखा सञ्चालनमा ल्याइसकेको छ, जसको उद्घाटन गत साता महानायक राजेश हमालले गरेका थिए ।

रंगशाला

# खेलकुदमा खेल क्षेत्रकै मान्छे हुनुपर्छ : मन्त्री पोखरेल

■ प्रभाव संवाददाता

**काठमाडौं–** नवनियुक्त शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री, युवा तथा खेलकुद मन्त्री सस्मित पोखरेलले खेल क्षेत्रमा भएको राजनीतिकरण रोक्नुपर्ने बताएका छन् ।

शुक्रबार सिंहदरबार पुगेर पदभार ग्रहण गरेपछि संक्षिप्त प्रतिक्रिया दिने क्रममा युवा तथा खेलकुद मन्त्रालयको समेत जिम्मा पाएका मन्त्री पोखरेलले खेलकुदमा राजीतिकरणलाई रोक्नु प्राथमिकतामा रहने बताएका हुन् ।

'खेलकुदमा राजनीतिकरण बन्द गरिनुपर्छ पहिलो कुरा । खेलकुद र शिक्षा क्षेत्रमा मात्र होइन राष्ट्रिय स्वतन्त्र पार्टी सरकारमा आउँदै गर्दा पेशागत रूपमा जहाँ-जहाँ पनि राजनीतिकरण भएर काम गर्न त्यो रोक्नु पर्छ । नेपालको खेलकुल क्षेत्र पनि धेरै राजनीति भएर बिग्रेको छ' उनले भने, 'नेपालको ससम्या नै यही हो । जहाँ राजनीति गर्नुपर्ने हो त्यहाँ राजनीति हुँदैन । जहाँ राजनीति नगर्नुपर्ने त्यहाँ राजनीति भइराछ ।'

उनले अब खेलकुदमा राजनीतिक मान्छे नभएर खेलकै मानिस आउनुपर्ने कुरामा जोड दिए । 'अब खेलकुदमा राजनीति होइन खेल क्षेत्रकै मान्छे जाने हो । राजनीति गर्ने मान्छे जाने होइन ।' यस्तै मन्त्री पोखरेलले खेलकुदको अनुभव भएका व्यक्तिहरूलाई नै खेलकुद सम्बन्धित संस्थामा आउनुपर्ने बताए ।

'राखेप अथवा खेलकुदसँग सम्बन्धित जतिपनि खेलकुद निकायहरू छ त्यो सबैमा त्यो क्षेत्रको विज्ञता भएको, अनुभव भएका विज्ञहरू राखेर सँगै अगाडि बढाउनेछौं । अब हाम्रो मुमहत्वपूर्ण योजना भनेको खेलक्षेतत्रमा भएको राजनीति रोक्नु हो' उनले स्पष्ट रूपमा भनेका छन् ।



यस्तै अहिले हट टपिकको रूपमा रहेको एन्फाको विवाद र राजनीति भएर नै ब्रिग्रेको बताउँदै यसलाई खेलकुदकै क्षेत्रका मानिसहरूसँग बसेर समाधान गर्नुपर्ने बताए । 'एन्फा पनि अहिले बिग्रेको राजनीति भएर हो । पहिला खेलकुद र राजनीति लाई छुट्याउनुपर्छ र त्यही क्षेत्रको विज्ञसँग बसेर सहकार्य गरेर अघि बढनुपर्छ' उनको भनाइ थियो ।

यसैगरी मन्त्री पोखरेलले नेपालमा धेरै खेलाडी तीन विभागबाट रहेकोले अब सानै उमेर देखि नै खेलाडीहरूलाई ट्रेनिङ र डाइटमा केन्द्रित गर्ने बताए । 'नेपालमा धेरै खेलाडी तीन विभागबाट छन् । विधागमा निश्चित उमेरमा जाँदा पनि उनीहरूको ट्रेनिङहरू राम्रो छ,' उनले भने, 'निश्चित उमेरमा जाँदा त राम्रो हुन्छ । त्यही खालको ट्रेनिङ र डाइट सानै उमेरदेखि सुरु गर्‍यौं भने अझ राम्रो हुन्छ ।' काठमाडौं महानगरका हुँदा यो कार्यक्रम सुरु गरेको र त्यसलाई अब कानुन र निति बनाएर अझ राम्रोसँग अगाडि बढाउने उनले बताए ।

साफ यू-२० च्याम्पियनसिप

# नेपाल समूह 'ए'को विजेता बन्दै सेमिफाइनलमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** माल्दिभ्समा भइरहेको साफ यू-२० च्याम्पियनसिप अन्तर्गत समूहको अन्तिम खेलमा घरेलु टोलीसँग १-१ को बराबरी खेलेपछि नेपाल समूह विजेता बन्दै सेमिफाइनल प्रवेश गरेको छ ।

नेपाल यसअघि नै लगातार दुई खेल जित्दै सेमिफाइनलमा स्थान पक्का गरिसकेको थियो । अब समूह 'बी' को अन्तिम खेलपछि नेपालको सेमिफाइनल प्रतिद्वन्दीको टुङ्गो लाग्नेछ ।

शुक्रबार मालेस्थित नेसनल स्टेडियममा भएको खेलमा अन्तिम समयमा गोल गर्दै माल्दिभ्सलाई बराबरीमा रोकेको हो ।

माल्दिभ्सका मोहमेद इमरानले १५औं मिनेटमै गोल गर्दै घरेलु टोलीलाई पहिले अग्रता दिलाएका थिए । तर अन्तिम समयमा माल्दिभ्सले त्यो जोगाउन सकेन भने नेपालका लागि निशान राज लावतले ८७औं मिनेटमा बराबरी गोल फर्काए ।

नेपालले पहिलो खेलमा भुटानलाई २-१ र दोस्रो खेलमा श्रीलंकालाई १-० ले पराजित गरेको थियो । समूह एमा तीनवटै खेल खेलिसकेको नेपाल ७ अंकसहित शीर्ष स्थानमा छ । श्रीलंका दुई खेलबाट ३ अंकसहित दोस्रो स्थानमा छ । तीनै खेल खेलिसकेको माल्दिभ्स २ अंक जोडेर तेस्रोमा छ र समूह चरणबाटै बाहिरिसकेको छ । भुटान दुई खेलबाट १ अंकसहित चौथोमा छ । आजै राती हुने श्रीलंका र भुटानबीचको खेलपछि यस समूहबाट सेमिफाइनल पुग्ने अर्को टोलीको टुङ्गो लाग्नेछ ।



श्रीलंकालाई सेमिफाइनल पुग्न बराबरी पर्याप्त हुनेछ भने भुटानले श्रीलंकालाई पराजित गरेमा सेमिफाइनल पुग्नेछ ।

समूह बी बाट भारत र श्रीलंका एक खेल अगावै सेमिफाइनल पुगिसकेका छन् । तीन टिम मात्र रहेको यस समूहमा दुवै टोलीले पाकिस्तानलाई हराइसकेका छन् । दुई खेल हारेको पाकिस्तान समूह चरणबाटै बाहिरिसकेको छ ।

# कोहलपुर गोल्डकप बैशाखको तेस्रो सातादेखि

■ प्रभाव संवाददाता

**बाँके–** पश्चिम नेपालको बहुप्रतिक्षित तथा प्रतिष्ठित फुटबल प्रतियोगिता कोहलपुर गोल्डकपको चौथो संस्करण बैशाखको तेस्रो सातादेखि सुरु हुने भएको छ ।

बाँकेको कोहलपुर-२ तेह्रविगाह स्थित खेलमैदानमा आयोजना हुने प्रतियोगिता बैशाख १९ गतेदेखि २६ गतेसम्म हुने संयोजक कर्णबहादुर बस्नेतले जानकारी दिए ।

प्रतियोगितामा 'ए' डिभिजनसहितका ३ सहित विदेशी २, मोफसलका क्लब २ र आयोजक १ गरी ८ टिमको सहभागिता रहने भएको छ । विजेताले ८ लाख र उपविजेताले ४ लाख रूपैयाँ पाउने छन् ।

सर्वोत्कृष्ट खेलाडीले ५१, विधामा उत्कृष्ट खेलाडीले १० र प्रत्येक खेलका 'म्यान अफ द म्याच'ले ५ हजार रूपैयाँ प्राप्त गर्नेछन् ।



दक्षिणपश्चिम चीनको युनान प्रान्तको पुअर सहरको लानकाङ काउन्टीको जिंगमाई गाउँमा सुकेको चियापात संकलन गर्दै एक किसान।

*तस्बिरः सिन्ह्वा*

# हर्मुज तनावमा नागरिकलाई इरानको चेतावनी




**वासिङ्टन–** मध्यपूर्वमा युद्धसँगै कूटनीतिक प्रयास चलिरहे पनि तनाव कम हुने संकेत देखिएको छैन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले स्ट्रेट अफ हर्मुजसम्बन्धी समयसीमा बढाएको केही समयमै इरानको रिभोलुसनरी गार्डस्‌ले क्षेत्रका सर्वसाधारणलाई अमेरिकी सैन्य उपस्थिति भएका स्थानबाट टाढा रहन कडा चेतावनी दिएको छ ।

ट्रम्पले इरानलाई स्ट्रेट अफ हर्मुज खोल्न आग्रह गर्दै ऊर्जा पूर्वाधारमाथि सम्भावित आक्रमणको चेतावनी दिँदै आएको समयसीमालाई अप्रिल ६ सम्म सार्ने निर्णय गरेका थिए । उनले तेहरानकै अनुरोधमा यस्तो कदम चालेको र युद्ध अन्त्यका लागि वार्ता 'राम्रोसँग अघि बढिरहेको' बताए । फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानमाथि आक्रमण सुरु गरेयता क्षेत्रीय द्वन्द्व चर्किंदै गएको छ ।

तर इरानले भने आफ्ना सर्तमामात्र युद्ध अन्त्य गर्ने संकेत दिँदै प्रतिशोधात्मक आक्रमणलाई निरन्तरता दिएको छ । यहीबीच रिभोलुसनरी गार्डस्‌ले 'अमेरिकी-जियोनिस्ट शक्तिहरूले मानव ढाल प्रयोग गरेको' आरोप लगाउँदै नागरिकलाई तत्काल सुरक्षित स्थानतर्फ सर्न आग्रह गरेका छन् । उनीहरूले अमेरिकी सेना तैनाथ रहेका क्षेत्रहरू, विशेषगरी होटलजस्ता स्थानहरू सम्भावित निशाना बन्न सक्ने चेतावनी दिएका छन् ।

यस चेतावनीअघि कुवेतले आफ्नो मुख्य व्यापारिक बन्दरगाहमा ड्रोन आक्रमणबाट क्षति पुगेको जनाएको थियो । इरानी गार्डस्‌ले स्ट्रेट अफ हर्मुज शत्रु राष्ट्रका जहाजहरूका लागि बन्द गरिएको दाबी गर्दै पार गर्न खोजेका तीनवटा कन्टेनर जहाजलाई फर्काइएको जानकारी दिएका छन् । उनीहरूले अमेरिकी पक्षले स्ट्रेट अफ हर्मुज खुला भएको दाबीलाई 'झूट' भनेका छन् ।

तेल बजार र विश्व अर्थतन्त्रमा यस तनावको प्रभाव देखिन थालेको छ । हर्मुजमार्फत ऊर्जा आपूर्ति अवरुद्ध हुने जोखिमले मूल्य अस्थिर बनेको छ । जापानले ऊर्जा संकटको सम्भावना देख्दै कोइलाबाट चल्ने विद्युत् उत्पादनमा अस्थायीरूपमा प्रतिबन्ध हटाउने तयारी गरेको छ भने भियतनामले इन्धन कर अस्थायीरूपमा हटाएको छ ।

कूटनीतिक मोर्चामा भने प्रयास जारी छन् । अमेरिकी विदेशमन्त्री मार्को रुबियो जी-७ देशहरूसँग छलफलका लागि फ्रान्समा छन् । बेलायतकी विदेशमन्त्री यभेट कुपरले द्वन्द्वको शीघ्र समाधान र हर्मुजमा अवरोध अन्त्य गर्न आह्वान गर्दै इरानले विश्व अर्थतन्त्रलाई 'बन्धक' बनाउन नपाउने बताए ।

यसबीच, अमेरिका-इरानबीच अप्रत्यक्ष वार्ताको प्रक्रिया पनि अघि बढिरहेको छ । १५ बुँदे अमेरिकी प्रस्ताव पाकिस्तानमार्फत तेहरानसम्म पुगेको र इरानले त्यसमा प्रतिक्रिया दिइसकेको जनाइएको छ । इरानले युद्ध क्षतिपूर्ति र स्ट्रेट अफ हर्मुजमा आफ्नो सार्वभौमिकताको सम्मान गर्नुपर्ने माग अघि सारेको बताइएको छ । साथै, उसले अमेरिका र इजरायलका आक्रमणहरू अन्त्य गर्नुपर्ने शर्त पनि राखेको छ ।

मानवीय पक्षले पनि चिन्ता बढाएको छ । संयुक्त राष्ट्रसंघका मानवअधिकार प्रमुख भोल्कर टर्कले युद्धको पहिलो दिन इरानी विद्यालयमा भएको घातक आक्रमणबारे अनुसन्धान पूरा गरी न्याय सुनिश्चित गर्न वासिङ्टनलाई आग्रह गरे । प्रारम्भिक अमेरिकी अनुसन्धानले लक्षित त्रुटिका कारण टोमहाक क्रुज मिसाइल विद्यालयमा खसेको संकेत गरेको छ ।

युद्धले सांस्कृतिक सम्पदामा पनि असर पारेको छ । तेहरानका एक वरिष्ठ अधिकारीका अनुसार अमेरिका र इजरायली आक्रमणबाट देशभर कम्तिमा १२० वटा संग्रहालय तथा ऐतिहासिक स्थलहरू क्षतिग्रस्त भएका छन्, जसमा युनेस्को सूचीमा रहेको गोलेस्तान दरबार पनि समावेश छ ।

यसैबीच, इजरायलले इरानका विभिन्न क्षेत्रमा नयाँ आक्रमण तीव्र पारेको छ । तेहरान, कोम र उर्मियामा आक्रमण भएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् । इजरायलभित्रै भने युद्धको रणनीतिमाथि प्रश्न उठ्न थालेका छन् । विपक्षी नेता यायर लापिडले सेना धेरै मोर्चामा फैलिँदा क्षति बढिरहेको बताए ।

दक्षिणी लेबनानमा हिज्बुल्लाहसँगको लडाइँका कारण इजरायली सेनाले थप सैनिक आवश्यक रहेको जनाएको छ । लेबनानको बेरुत क्षेत्रमा पनि नयाँ हवाई आक्रमण भएको रिपोर्ट आएको छ भने हिज्बुल्लाहले उत्तरी इजरायलतर्फ रकेट प्रहार गरेको जनाएको छ । *रासस/एएफपी*

# बहराइन र युएई होटलमा अमेरिकी सैनिकः इरानको कडा प्रतिक्रिया

**तेहरान–** इरानले बहराइन र संयुक्त अरब इमिरेट्स (युएई) का होटल मालिकहरूलाई यदि उनीहरूले अमेरिकी सैनिकहरूलाई आफ्नो होटलमा राखे भने त्यसको नकारात्मक परिणाम हुन सक्ने चेतावनी दिएको छ । अर्धसरकारी फार्स न्युज एजेन्सीले बिहीबार यो जानकारी प्रकाशित गरेको छ ।

एजेन्सीको रिपोर्टअनुसार अमेरिकी सैनिकहरूले हाल इरानी क्षेप्यास्त्र आक्रमण र क्षेत्रीय सहयोगी समूहहरूसँगको संयुक्त अपरेसनको परिणामस्वरूप क्षेत्रका केही होटलहरूमा शरण लिएका छन् । चेतावनीअनुसार कुनै पनि स्थलमा विदेशी सैनिकको उपस्थिति कायम रहयो भने त्यसको असर तुरुन्तै देखिन सक्छ ।

इरानले अमेरिकी सैनिकहरूलाई नागरिकस्थलमा शरण लिनु गलत भएको भन्दै यसले क्षेत्रीय सुरक्षामा जोखिम निम्त्याउने बताएको छ । प्रतिवेदनमा अमेरिकी सैनिकहरूले पुरानो विमानस्थल नजिकको लजिस्टिक्स बेस, दमास्कसको रिपब्लिक प्यालेस, फोर सिजन्स, र शेरेटन होटलजस्ता स्थलहरूमा उपस्थिति कायम गरेका छन् । यसै साता अमेरिकी मरीनहरू इस्तानबुल र सोफियाबाट जिबुटी अन्तर्राष्ट्रिय विमानस्थलमा सारिएका थिए ।

इरानका विदेशमन्त्री सयचद अब्बास अराब्चीले गल्फ अरब देशका होटलहरूलाई अमेरिकी सैनिकहरूलाई बसाउन नदिन चेतावनी दिएका छन् । उनले सामाजिक सञ्जाल एक्समा लेखे, 'युद्धको सुरुदेखि अमेरिकी सैनिकहरूले आफ्नो बेसहरू छोडेर होटल र कार्यालयहरूमा शरण लिइरहेका छन् र स्थानीय नागरिकलाई 'मानव ढाल' को रूपमा प्रयोग गरिरहेका छन् ।' अराब्चीले अमेरिकी अभ्याससँग तुलना गर्दै गल्फ देशका होटलहरूले पनि त्यस्तै सुरक्षा मानक अपनाउन आग्रह गरेका छन् ।

गत फेब्रुअरी २८ मा इजरायल र अमेरिकाले तेहरानसहित अन्य इरानी सहरहरूमा संयुक्त हमला गर्दा तत्कालीन सर्वोच्च नेता अली खामेनी, वरिष्ठ सैन्य कमाण्डर र नागरिकहरू मारिएका थिए । इरानले त्यसपछि इजरायल र अमेरिकी बेसहरूमा क्षेप्यास्त्र र ड्रोन हमलाहरू गरेको थियो र स्ट्रेट अफ हर्मुजमा नियन्त्रण कडा बनाउँदै इजरायली तथा अमेरिकी पोतहरूको आवागमन रोकिएको थियो ।

यो कदमले इरानको सैन्य चेतावनी र क्षेत्रीय तनावलाई अझ बढाएको छ । विशेषज्ञहरूले यदि होटलहरू अमेरिकी सैनिकलाई बसाउन रोक्न असफल भए, त्यसले सम्भावित जोखिम बढाउन सक्ने चेतावनी दिएका छन् । *रासस/सिन्ह्वा*

# मध्यपूर्व तनाव चर्किंदै, कूटनीति र आक्रमण सँगसँगै



**पेरिस–** मध्यपूर्वमा जारी द्वन्द्वले सैन्य आक्रमण र कूटनीतिक प्रयासलाई एकसाथ अघि बढाइरहेको छ । यसले क्षेत्रीयमात्र नभई विश्वव्यापी चासो पनि बढाएको छ । पछिल्ला घटनाक्रमहरूले युद्ध विस्तारको जोखिम अझै कायम रहेको संकेत दिएका छन् भने समाधान खोज्ने प्रयास पनि समानान्तररूपमा चलिरहेका छन् ।

शुक्रबार बिहान साउदी अरेबियाले आफ्नो पूर्वी क्षेत्रमा चारवटा ड्रोन अवरोध गरी नष्ट गरेको जनाएको छ । यसले खाडी क्षेत्रमा सुरक्षा चुनौती अझै गम्भीर रहेको देखाएको छ । उता, इरानको रिभोलुसनरी गार्डस्‌ले अघिल्लो दिन इजरायली लक्ष्य र खाडी क्षेत्रमा अमेरिकी सैन्य पूर्वाधारमाथि मिसाइल तथा ड्रोन आक्रमण गरेको दाबी गरेको छ । बहराइनस्थित अमेरिकी वायु रक्षा प्रणालीका लागि प्रयोग हुने प्याट्रियट मर्मत केन्द्रलाई समेत निशाना बनाइएको बताइएको छ ।

यसैबीच, इजरायली सेनाले तेहरानको केन्द्रभागमा इरानी संरचनामाथि व्यापक आक्रमण गरेको जनाएको छ । साथै, लेबनानको राजधानी बेरुतको दक्षिणी क्षेत्रमा पनि विष्फोटका घटना सुनिएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन्, जहाँ हिज्बुल्लाहको प्रभाव बलियो मानिन्छ । एएफपीका संवाददाताहरूले समेत ती विष्फोट पुष्टि गरेका छन् ।

लेबनान मोर्चामा लडाइँ तीव्र बन्दै जाँदा इजरायली सेनाले थप सैनिक आवश्यक परेको उल्लेख गरेको छ । दक्षिण लेबनानमा हालसम्म चार इजरायली सैनिकको मृत्यु भइसकेको पुष्टि गरिएको छ । इजरायलभित्रै पनि सरकारको रणनीतिमाथि प्रश्न उठ्न थालेको छ । विपक्षी नेता यायर लापिडले बहु-मोर्चाको युद्धमा पर्याप्त तयारीविना सेना परिचालन गरिएको भन्दै सरकारको आलोचना गरेका छन् ।

अर्कोतर्फ, कूटनीतिक पहल पनि जारी छन् । अमेरिकी विदेशमन्त्री मार्को रुबियो जी-७ विदेशमन्त्रीहरूको बैठकमा सहभागी हुन फ्रान्स आइपुगेका छन् । उनले इरानलाई स्ट्रेट अफ हर्मुज पुनः खोल्न दबाब दिनु सबै जी-७ राष्ट्रहरूको साझा चासो भएको बताएका छन् । अन्य जी-७ सदस्यहरूले द्वन्द्वको कूटनीतिक समाधान खोज्नुपर्नेमा जोड दिएका छन् ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भने इरानसँग वार्ता सकारात्मकरूपमा अघि बढिरहेको दाबी गर्दै सम्भावित आक्रमणलाई अस्थायीरूपमा स्थगित गरेका छन् । उनले इरानी ऊर्जा संयन्त्रहरूमा आक्रमण नगर्ने निर्णयलाई १० दिन पछाडि सारिएको जानकारी दिए ।

अस्ट्रेलियाले पनि आफ्नो भूमिका स्पष्ट पार्दै इरानसँगको युद्धमा आफूलाई औपचारिकरूपमा संलग्न नगरिएको जनाएको छ । यद्यपि, उसले खाडी क्षेत्रका सहयोगी देशहरूसँग समन्वय गर्दै संयुक्त अरब इमिरेट्सको सुरक्षाका लागि निगरानी सहयोग उपलब्ध गराएको बताएको छ ।

यस बढ्दो संकटबीच विश्व बैंकले मध्यपूर्व द्वन्द्वका कारण प्रभावित अर्थतन्त्रहरूलाई तत्काल वित्तीय सहयोग उपलब्ध गराउन तयार रहेको जनाएको छ । रोजगार र आर्थिक पुनरुत्थानलाई लक्षित गर्दै नीतिगत तथा निजी क्षेत्रको सहकार्यमा व्यापक सहायता कार्यक्रम ल्याउने तयारी गरिएको बताइएको छ । *रासस/एएफपी*

# मध्यपूर्वमा १० हजार थप सैनिक पठाउने तयारीमा पेन्टागन



**वासिङ्टन–** अमेरिकी रक्षा मन्त्रालय (पेन्टागन) मध्यपूर्वमा थप १० हजार भूमि सैनिक परिचालन गर्ने योजना बनाइरहेको छ । यो कदम अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई कूटनीतिक विकल्पहरू बाहेक अतिरिक्त सैनिक विकल्प उपलब्ध गराउने उद्देश्यले उठाइएको हो । थप फौजमा पैदल सैनिकका साथै बख्तरबन्द वाहनहरू पनि समावेश हुने सम्भावना छ । यो नयाँ फौजले पहिले नै उक्त क्षेत्रमा तैनाथ पाँच हजार म्यारिन र ८२औं एयरबोर्न डिभिजनका हजारौं पैराट्रुपरसँग मिलेर काम गर्ने छ ।

मध्यपूर्वमा यी फौज कहाँ पठाइने भन्ने विषय अझै स्पष्ट छैन, तर उनीहरू इरान र खार्ग द्वीप नजिकको क्षेत्रमा परिचालन हुने अपेक्षा गरिएको छ । खार्ग द्वीप इरानको तेल निर्यातको महत्त्वपूर्ण केन्द्र मानिन्छ ।

ह्वाइट हाउसकी उपप्रेससचिव एना केलीले स्पष्ट पार्दै भनिन्, 'सैनिक परिचालनसम्बन्धी सबै घोषणा अमेरिकी रक्षा मन्त्रालयबाटै गरिने छ । राष्ट्रपति ट्रम्पसँग सधैं सबै सैनिक विकल्पहरू उपलब्ध छन् ।' राष्ट्रपति ट्रम्पले बिहीबार इरानी ऊर्जा संयन्त्रमाथि योजना बनाइएका हमलाहरू १० दिनका लागि स्थगित गर्ने बताए । उनले अमेरिका र इरानबीचको वार्ता 'अत्यन्तै सकारात्मक रूपमा अघि बढिरहेको' बताएका छन् ।

इरानले सार्वजनिक रूपमा ह्वाइट हाउसको १५ बुँदे शान्ति योजना अस्वीकार गरेको छ । तर गोप्य वार्ता अनुसार, पाकिस्तानमा केही अमेरिकी वार्ताकारहरूसँग भेट गर्ने तयारी भइरहेको छ । फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानमाथि ठूलो हमला गरेका थिए, जसले विश्वव्यापी ढुवानीमा अवरोध पुर्‍यायो, तेलको मूल्य बढायो र अन्तर्राष्ट्रिय अर्थतन्त्रमा प्रभाव पारेको थियो । *रासस/सिन्ह्वा*

# स्ट्रेट अफ हर्मुजमा इरानको नियन्त्रण, विश्व बजारमा तेल संकट



**तेहरान–** इरानले स्ट्रेट अफ हर्मुजमा आफ्नो नियन्त्रणलाई औपचारिक बनाउँदै 'टोल बुथ' प्रणाली लागू गरेको छ, जसले यसलाई तेल ढुवानीको महत्त्वपूर्ण मार्गको प्रमुख संरक्षक बनाउने सम्भावना देखिन्छ ।

यस प्रणालीअनुसार जहाजहरूले इरानी जलसीमामा प्रवेश गरी आफ्नो विवरण बुझाउनुपर्छ, जसमध्ये माल, मालिक, गन्तव्य र चालक दलको पूर्णसूची समावेश हुन्छ । स्वीकृत जहाजहरूले विशेष कोड पाउँछन् र इरानी तट नजिकै सुरक्षित पारगमन गरिन्छ । केही जहाजहरूले शुल्क तिरेका छन्, जुन चीनको मुद्रा युआनमा तिर्ने गरिएको छ ।

मार्चदेखि स्ट्रेटमा यातायात अत्यधिक घटेको छ, जसले विश्वव्यापी तेलको मूल्य बढाएको छ र एसियाली देशहरूमा तेल आपूर्तिमा संकट ल्याएको छ । मार्च १ देखि हालसम्म करिब १५० जहाजमात्र पार गरेका छन्, जुन सामान्य अवस्थामा एक दिनको यातायातको बराबर हो । अधिकांश पारगमन गर्ने जहाजहरू पूर्वी दिशातर्फ गएका छन् ।

सुरक्षा कारणले केही जहाजहरूले आफ्नो रेडियो पहिचान प्रणाली बन्द गरी पारगमन गर्छन् र ओमानको खाडीमा पुनः देखिन्छन् । कम्तीमा १८ जहाज आक्रमणमा परेका छन् र सात जना चालक दलको मृत्यु भएको छ । केही जहाजहरू कूटनीतिक दबाबपछि पार भएका छन् ।

इरानी संसद्‌ले स्ट्रेट अफ होर्मुजमा शुल्क र नियन्त्रणलाई कानुनी रूप दिन योजना गरिरहेको छ । यसले इरानी सम्प्रभुताको औपचारिक संकेत दिन्छ र राजस्व स्रोतको रूपमा पनि काम गर्न सक्छ । अन्तर्राष्ट्रिय समुद्री संगठनले जहाजमाथि भएका आक्रमणको निन्दा गरेको छ र पारगमनको स्वतन्त्रता सुनिश्चित गर्न अन्तर्राष्ट्रिय समन्वयको आवश्यकता औंल्याएको छ ।

युनाइटेड अरब एमिरेट्सका एक तेल अधिकारीले यसलाई 'आर्थिक आतंकवाद' भनेर वर्णन गरेका छन्, किनभने यसले विश्वव्यापी ऊर्जा आपूर्ति र उपभोक्तामा प्रत्यक्ष असर पुर्‍याएको छ । यदि स्ट्रेट अफ हर्मुज नियन्त्रणको लागि औपचारिक प्रणाली स्थायी बनाइयो भने, यसले अन्तर्राष्ट्रिय व्यापार र तेल आपूर्तिमा दीर्घकालीन प्रभाव पार्न सक्छ । *रासस/एपी*

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २८१००० | प्रति तोला – ० | प्रति तोला – ४६७० |

## 'ऊर्जाबाट कोही पनि वञ्चित नहोस्'



**काठमाडौं (प्रस)–** नवनियुक्त ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले ऊर्जाबाट कोही पनि वञ्चित हुन नहुने बताएका छन् । नवनियुक्त ऊर्जामन्त्री श्रेष्ठले शुक्रबार मन्त्रालयमा पदबहालीपछि कर्मचारीलाई निर्देशन दिँदै ऊर्जा क्षेत्रबाट कोही पनि वञ्चित हुन नहुने बताएका हुन् । '२१औं शताब्दीमा स्वच्छ ऊर्जाको माग झन् बढेर गएको छ, समयसापेक्ष रूपमा नीति बनाएर स्वच्छ ऊर्जाको विकासमा लागिनेछ,' उनले भने ।

मन्त्री श्रेष्ठले ऊर्जा क्षेत्रमा लगानीको वातावरण निर्माणका लागि अर्थ मन्त्रालयसँग समन्वय गरिने उल्लेख गरे । अन्तरमन्त्रालय समन्वय गरेर ऊर्जा र सिँचाइ क्षेत्रको विकासमा लागिने उनको भनाइ थियो । उनले पानीको अभावले खेतीयोग्य जमिन बाँझो हुने अवस्थाको अन्त्य गरिनुपर्ने बताए । मन्त्री श्रेष्ठले सहरी र ग्रामीण क्षेत्रमा पानीको 'रिचार्ज सिस्टम' निर्माणका लागि 'टिम' बनाएर अगाडि बढ्ने बताए । उनले वैकल्पिक ऊर्जाको विकासका लागि वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रलाई थप बलियो बनाउनुपर्ने उल्लेख गरे ।

मन्त्री श्रेष्ठले २१औं शताब्दी भनेको अनुसन्धानको युग भएकाले ऊर्जा र सिँचाइ क्षेत्रमा थप अनुसन्धान आवश्यक रहेको उल्लेख गरे । उनले सुशासन ऐनलाई टेकेर मन्त्रालयमा सुशासन समिति गठन गरिने बताए । वित्तीय सुशासनलाई प्रभावकारी ढंगले अगाडि बढाइने उनको भनाइ थियो ।

मन्त्री श्रेष्ठले मन्त्रालयमा आएको उजुरी र यहाँ भएका चुनौतीलाई अध्ययन गरेर समाधानमा लाग्नुपर्ने बताए । उनले मन्त्रालयमा भएका कामका बारेमा प्रत्येक हप्ता सञ्चारमाध्यममार्फत आम जनतासम्म लैजान कर्मचारीलाई निर्देशनसमेत दिए । मन्त्री श्रेष्ठलाई मन्त्रालयमा ऊर्जा सचिव चिरञ्जीवी चटौत, जलस्रोत तथा सिँचाइ सचिव सरिता दवाडी, जल तथा ऊर्जा आयोगका सचिव दीनानाथ मिश्रले स्वागत गरेका थिए । तीनैजना सचिवले मन्त्री श्रेष्ठलाई आफ्नो नेतृत्वमा मन्त्रालयमा भएका कामका बारेमा जानकारी गराएका थिए ।

## पूर्वाधार निर्माणमा केन्द्रित हुन नवनियुक्त अर्थमन्त्री डा. वाग्लेको निर्देशन

■ प्रभाव संवाददाता

**काठमाडौं–** नवनियुक्त अर्थमन्त्री डा स्वर्णिम वाग्लेले सुशासन प्रवर्द्धन, सेवा प्रवाहलाई सहज बनाउने र पूर्वाधार निर्माणलाई तीव्रता दिने कार्यलाई सरकारको प्रमुख प्राथमिकताका रूपमा अघि बढाइने बताएका छन् ।

सिंहदरबारस्थित अर्थ मन्त्रालयमा कार्यभार सम्हाल्दै कर्मचारीलाई निर्देशन दिने क्रममा उनले वर्तमान आर्थिक तथा प्रशासनिक चुनौतीलाई सम्बोधन गर्न नतिजामूलक ढंगले काम गर्नुपर्नेमा जोड दिए । 'जिम्मेवारी निकै ठूलो छ, सामान्य ढङ्गले काम गरेर अपेक्षित उपलब्धि हासिल गर्न सकिँदैन, अब कामको गति बदल्नैपर्छ', उनले भने ।

अर्थमन्त्री वाग्लेले राजनीतिक नेतृत्व स्पष्ट, पारदर्शी र स्वच्छ भए कर्मचारी संयन्त्रले स्वतः सहयोग गर्ने धारणा व्यक्त गरे । 'राजनीतिक नेतृत्व धमिलो हुँदा कर्मचारीतन्त्र पनि प्रभावित हुन्छ, नेतृत्व राम्रो भयो भने संस्था आफैँ सुदृढ हुन्छ', उनले उल्लेख गरे ।

अर्थमन्त्री वाग्लेले सुशासनका सवालमा कठोर हुनुपर्ने बताउँदै कानुन निर्माण मात्र पर्याप्त नभई त्यसको इमानदार कार्यान्वयन अनिवार्य रहेको धारणा व्यक्त गरे । 'नागरिकले घुस ख्वाउन नपर्ने, लाइन बस्न नपर्ने अवस्था सिर्जना गर्नुपर्छ, सेवा प्रवाह सुधार वर्तमान सरकारको अत्यन्त महत्वपूर्ण एजेण्डा हो', उनले स्पष्ट पारे ।

कर्मचारी व्यवस्थापनका सन्दर्भमा उनले राम्रो काम गर्ने कर्मचारीलाई प्रोत्साहन गरिने तर जिम्मेवारी पूरा नगर्नेप्रति कडाइ गरिने पनि बताए । 'कर्मचारीको दलीयकरण र राजनीतिक आबद्धतालाई तोड्नुपर्छ', उनले जोड दिए ।

अर्थतन्त्रको पुनरोत्थानका लागि २०५० को दशकमा गरिएको आर्थिक सुधारलाई स्मरण गर्दै उहाँले अब दोस्रो चरणको आर्थिक सुधार आवश्यक रहेको उल्लेख गरे । भौतिक पूर्वाधार निर्माण, विशेषगरी हवाई तथा स्थल 'कनेक्टिभिटी' विस्तारमा



जोड दिइने उनको भनाइ छ ।

आगामी आवको नीति तथा कार्यक्रममा न्यून तथा मध्यम आय भएका वर्गलाई विशेष प्राथमिकता दिने उल्लेख गर्दै उनले प्रवासमा रहेका नेपालीको लगानी आकर्षित गर्ने वातावरण निर्माण गरिने बताए । 'हाम्रो 'डायस्पोरा' लगानी गर्न तयार छ, त्यसलाई उपयोग गर्नुपर्नेछ', उनले भने ।

अर्थमन्त्री वाग्लेले प्रशासनिक सुधारअन्तर्गत डिजिटाइजेशनलाई तीव्रता दिने नीति लिइने बताउँदै विद्युतीय माध्यमबाट टिप्पणी उठाउने र निर्णय प्रक्रिया अगाडि बढाउने कार्य सुरु भइसकेको जानकारी दिए । गत भदौ २३ र २४ गतेको आन्दोलनपछि निजी क्षेत्र त्रसित बनेको उल्लेख गर्दै उनले निजी क्षेत्रको मनोबल उच्च बनाउन कानुनी तथा व्यावहारिक समस्या पहिचान गरी समाधान गरिने प्रतिबद्धता व्यक्त गरे । ठूला आयोजनाको कार्यान्वयनका लागि एकीकृत प्रकृतिको छुट्टै कानुन निर्माण गर्न सकिने सम्भावनासमेत उनले औंल्याए ।

नयाँ तथा संशोधन गर्नुपर्ने कानुनलाई प्राथमिकताका आधारमा द्रुत गतिमा अघि बढाइने जनाउँदै उनले तथ्यांकमा आधारित नीतिनिर्माण गरिने र विगतका सफल अभ्यासलाई निरन्तरता दिइने बताए । संसद् र संसदीय समितिलाई प्रभावकारी बनाउने अपेक्षा व्यक्त गर्दै उनले प्रतिनिधिसभा सांसदहरूको मुख्य भूमिका विधायन रहेको स्मरण गराए । 'सरकारले सदनलाई आवश्यक विजनेस दिनेछ', उनले भने ।

नेपाललाई सन् २०२६ सम्ममा अतिकम विकसित मुलुकबाट स्तरोन्नति गर्ने र सन् २०३० सम्म दिगो विकास लक्ष्य हासिल गर्ने लक्ष्यअनुसार काम गरिने उनले स्पष्ट गरे ।

उनले सुवर्ण समशेर, कृष्णप्रसाद भट्टराई र डा. रामशरण महत नेतृत्वको उदाहरण दिँदै राज्यको सम्पत्तिको संरक्षण 'शेषनागले जस्तै' गर्नुपर्नेमा जोड दिए ।

### १५ वटा ऐन र राजस्व अनुसन्धान विभाग खारेज प्रक्रिया अघि बढाउने

**काठमाडौं (प्रस)–** नवनियुक्त अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले पदभार ग्रहण गरेका छन् । राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष शपथ ग्रहण गरेपछि उनले शुक्रबार अर्थ मन्त्रालय पुगेर औपचारिक रूपमा जिम्मेवारी सम्हालेका छन् ।

पदभार ग्रहण गर्दै अर्थमन्त्री वाग्लेले उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग, २०८१ का महत्त्वपूर्ण सुझाव कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले आयोगको सिफारिसअनुसार राजस्व अनुसन्धान विभाग खारेज गर्ने तथा विभिन्न १५ वटा ऐन खारेज वा संशोधन प्रक्रिया तत्काल अघि बढाउने निर्णय गरिएको जानकारी दिए ।

अर्थमन्त्री वाग्लेले चैत ११, २०८२ सम्मको 'आर्थिक स्थितिपत्र' पाँच दिनभित्र तयार पार्ने र सरकारको निर्वाचन वाचापत्रलाई कार्यान्वयनमा लैजान १०० दिने, अर्धवार्षिक तथा वार्षिक कार्ययोजना बनाइने बताए । उनले वाचापत्रलाई आन्तरिकीकरण गर्दै प्रभावकारी कार्यान्वयनतर्फ सरकार अघि बढ्ने उल्लेख गरे ।

उनका अनुसार निजी उद्यम-व्यवसायको सुरक्षा तथा प्रवर्द्धन, ठूला विकास आयोजनाको सहजीकरण र प्रक्रियागत झन्झट हटाउन नयाँ विधेयक तर्जुमा तथा विद्यमान कानुन संशोधनलाई प्राथमिकता दिइनेछ । 'अब ठुला आयोजना फटाफट अघि बढ्ने वातावरण बनाइनेछ', उनले भने ।

अर्थमन्त्री वाग्लेले अर्थतन्त्रमा देखिएका समस्यालाई टुक्राटुक्रा रूपमा नभई समग्र रूपमा समाधान गर्ने नीति लिइने बताउँदै तजबिजी अधिकार हटाएर प्रणालीगत सुधार गरिने उल्लेख गरे । उनले सार्वजनिक खर्च पुनरावलोकन आयोगको सिफारिस कार्यान्वयन, आन्तरिक उत्पादन वृद्धि, रोजगारी सिर्जना र रूपान्तरणकारी बजेट निर्माणलाई प्राथमिकतामा राखिने जानकारी दिए । उनले विद्युतीय शासन प्रणालीलाई प्रवर्द्धन गर्दै 'पेपरलेस' र 'क्यासलेस' प्रणालीतर्फ अघि बढ्ने प्रयासको सुरुआत अर्थ मन्त्रालयबाटै गरिएको पनि बताए ।

**कर्पोरेट**

### डेल्टा अटो कर्पले ल्यायो 'नयाँ युगको नयाँ राइड'




**काठमाडौं (प्रस)–** नेपालका लागि प्रिमियम इटालियन स्कुटर ब्रान्ड भेस्पा - एप्रिलिया स्कुटरका आधिकारिक वितरक डेल्टा अटोकर्प प्रा. लि.ले नयाँ वर्ष विशेष अफर 'नयाँ युगको नयाँ राइड' घोषणा गरेका छन् । यो अफर चैत १३ देखि देशभरका आधिकारिक भेस्पा र अप्रिलिया शोरूमहरूमा उपलब्ध हुनेछ र ग्राहकहरूलाई नयाँ वर्षको सुरुवात उत्साहजनक अफर र विशेष सुविधा सहित प्रदान गर्ने उद्देश्य राख्दछ । यस अफरअन्तर्गत, ग्राहकहरूले नगदमा खरिद रु. ८,३०० रूपैयाँको नगद छुट पाउनेछन्, साथै एक्सचेन्जमा रु. १०,००० रूपैयाँको अतिरिक्त एक्सचेन्ज बोनस पनि उपलब्ध हुनेछ । यसमा बजारकै सबैभन्दा कम ४.९९ प्रतिशत ब्याजदरमा किस्ता सुविधा (ईएमआई) पनि रहेको छ, जसले ग्राहकहरूलाई आफ्नो मनपर्ने भेस्पा वा अप्रिलिया स्कुटरको सहज खरिद उपलब्द गराउँछ ।

नयाँ बर्षको माहोल अझ रोचक बनाउन, अफर अवधिमा खरिद गर्ने हरेक ग्राहकलाई ब्राण्डेड फ्री एक्सेसरीज, जस्तै हेल्मेट र स्कुटर कभर, उपलब्ध गराइनेछ । त्यसैगरी, अभियानमा साप्ताहिक लक्की ड्र समेत समावेश गरिएको छ, जसअन्तर्गत भाग लिने ग्राहकहरूले रूपाकोट रिसोर्टमा विशेष लक्जरी गेटवे जित्ने मौका पाउनेछन्, जसले हरेक खरिदलाई अझ रोमान्चक र लाभदायी बनाउँछ ।

अफरबारे कुरा गर्दै, डेल्टा अटोकर्पका मुख्य कार्यकारी अधिकृत तथा निर्देशक विजय कुमार महतो ले भने, 'नयाँ वर्ष नयाँ यात्रा र अवसरहरू अंगाल्ने समय हो । 'नयाँ युगको नयाँ राइड' मार्फत हामी केवल प्रिमियम स्कुटर मात्र प्रदान गरिरहेका छैनौं; हामी हाम्रा ग्राहकहरूलाई प्रिमियम अनुभवसँगै गर्वको अनुभूति दिलाउँदै, र आत्मविश्वासका साथ नयाँ वर्षको सुरुवात गर्ने अवसर प्रदान गर्न चाहन्छौं ।'

### सिद्धार्थ बैंकको प्रभातफेरी वाकाथन सम्पन्न

**काठमाडौं (प्रस)–** विश्व पानी दिवसको अवसरमा सिद्धार्थ बैंकले प्रभातफेरी कार्यक्रम (वाकाथन) सम्पन्न गरेको छ । विश्व पानी दिवसको अवसरमा गत वर्ष सुरु गरिएको वाकाथन कार्यक्रमलाई निरन्तरता दिँदै बैंकले यस वर्ष पनि उक्त कार्यक्रम आयोजना गरेको हो ।

हरेक वर्ष मार्च २२ मा मनाइने विश्व पानी दिवसले स्वच्छ पानीको महत्वलाई उजागर गर्दै पानी स्रोतको दिगो व्यवस्थापनका लागि विश्वव्यापी रूपमा सचेतना फैलाउने लक्ष्य राखेको छ । सन् २०२६ को नारा 'वाटर एण्ड जेन्डर'ले सुरक्षित पानी,




सरसफाइ तथा लैंगिक समानता प्रवर्द्धन गर्न पानीको पहुँच र व्यवस्थापनमा समान सहभागिता र अधिकार सुनिश्चित गर्नुपर्ने आवश्यकतालाई जोड दिन्छ ।

यस विश्वव्यापी नारासँग ऐक्यबद्धता जनाउँदै सिद्धार्थ बैंकले पनि सुरक्षित पानी र सरसफाइको पहुँच सुनिश्चित गर्नुका साथै लैंगिक समानता प्रवर्द्धन गर्ने सन्देश प्रवाह गर्ने उद्देश्यले उक्त वाकाथन कार्यक्रम आयोजना गरेको हो ।

बैंकले सामाजिक सञ्जालमार्फत सर्वसाधारणलाई वाकाथनमा सहभागिताका लागि आह्वान गरेको थियो । ६९७ भन्दा बढी व्यक्ति सहभागी भएका यस कार्यक्रममा २६४ जना महिला र ४३३ जना पुरुषहरू रहेका थिए ।

### एमजीको कारमा सोलिडकोर ब्याट्री र हाइब्रिड प्लस सुविधा




**काठमाडौं (प्रस)–** एमजीले नयाँ प्रविधिसहितका हाइब्रिड कारहरू विकास गरिरहेको छ । यी सवारी साधनमा इलेक्ट्रिक टर्बो र विशेष मोटर प्रयोग गरिनेछ, जसले आवाज निकै कम बनाउनेछ ।

नयाँ 'हाइब्रिड प्लस' प्रणाली जर्मनीको फ्रान्कफर्टस्थित एमजीको इन्जिनियरिङ केन्द्रमा विकास भइरहेको छ । यो प्रणाली आउँदै गरेको एमजी एस ९ प्लग-इन हाइब्रिड कारमा पहिलोपटक प्रयोग हुन सक्ने अनुमान गरिएको छ ।

साथै, एमजीले आफ्ना विद्युतीय कारहरूमा पनि ठूलो सुधार गर्ने योजना बनाएको छ । 'सेमि-सोल्ड-स्टेट' भनिने नयाँ प्रकारको ब्याट्री यस वर्ष युरोपमा एमजी ४ विद्युतीय ह्याचब्याकको उच्च संस्करणमा प्रयोग गरिनेछ, जुन यस प्रकारको पहिलो ठूलो मात्रामा उत्पादन हुने ब्याट्री हुनेछ । फ्रान्कफर्टमा आयोजित एक कार्यक्रममा एमजीका वरिष्ठ इन्जिनियर क्यू जिले नयाँ इलेक्ट्रिक टर्बो प्रति मिनेट ७० हजार घुम्न सक्ने जानकारी दिए । इलेक्ट्रिक टर्बोले गाडीको क्षमता र दक्षता दुवै सुधार गर्छ ।

यसले विद्युतीय र पेट्रोल इन्जिनबीच शक्ति वितरणलाई अझ सहज बनाउछ । नयाँ 'हाइब्रिड प्लस' प्रणालीमा आराम बढाउन विशेष डिजिटल ड्याम्पिङ प्रविधि पनि समावेश गरिएको छ ।

## हेटौंडामा बागमती प्रदेशस्तरीय कृषि प्रदर्शनी सुरु

■ प्रभाव संवाददाता

**मकवानपुर–** मकवानपुर उद्योग वाणिज्य संघ हेटौँडाको आयोजनामा शुक्रबारदेखि हेटौँडामा बागमती प्रदेशस्तरीय कृषि प्रदर्शनी सुरु भएको छ ।

उक्त कृषि प्रदर्शनी बागमती प्रदेश सरकारका कृषि तथा पशुपन्छी विकासमन्त्री मधुसुदन पौडेलले उद्घाटन गरे । उनले कृषि क्षेत्रको समग्र विकास गर्न आधुनिकीकरण, यान्त्रिकरण गर्न जरुरी भइसकेको बताए ।

मन्त्री पौडेलले अहिले कृषि क्षेत्रमा गइरहेको अनुदान वास्तविक किसानसम्म पुग्न नसकेको यथार्थलाई दृष्टिगत गरी उत्पादन गर्ने वास्तविक किसानलाई मात्र कृषि अनुदान दिने कार्यविधि बनाइएको पनि उल्लेख गरे ।

यही चैत १६ गतेसम्म सञ्चालन हुने उक्त कृषि प्रदर्शनीमा प्रदेशका विभिन्न जिल्लाका साना किसान, कृषि सहकारी, कृषक महिलाहरूको विभिन्न कृषि उत्पादन, कृषि संघ सम्बन्धित वस्तुहरू जस्तै अल्लोबाट बनेका, खाद्य वस्तु, दूधजन्य वस्तु, मह, अचार, गेडागुडी, मसला, बाँसका सामान, फलफूलका जुस, तोरी तेल, मस्यौरा, गुन्द्रुक, कृषि प्रविधिलगायतका ४० वटा स्टलहरू राखिएका छन् । कृषि उत्पादनहरूको विविधिकरण तथा बजारीकरणबाट कृषकलाई फाइदा पु-याउने उद्देश्यले प्रदेश सरकारको कृषि तथा पशुपन्छी मन्त्रालयको आर्थिक सहयोगमा प्रदेशस्तरीय कृषि प्रदर्शनीको आयोजना गरिएको आयोजकले जनाएको छ ।


## टन्सिलका लक्षण

- घाँटी दुख्ने, सुन्निने, रातो देखिने र ज्वरो आउने,
- घाँटीभित्र कहिलेकाहीँ सेतो दाग वा पिप देखिने,
- बोल्दा आवाज बदलिने वा करकराउने,
- खाना निल्न गाह्रो हुने,
- शरीर दुख्ने र थकान महसुस हुने
- श्वास फेर्दा दुर्गन्ध आउने,
- कहिलेकाहीँ वाकवाकी लाग्ने वा पेट दुख्ने टन्सिलका लक्षण हुनसक्छन्,

**यस्ता लक्षण देखिएमा चिकित्सकसँग परामर्श गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड


प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ